# अध्याय - एक

# परिचय

## १.१अध्ययनको पृष्ठभूमि

नेपालमा जातजातिहरूको अध्ययन वि.सं. २०५० भन्दा अगाडि खासै भएको पाइँदैन । बि.सं. २०५० भन्दा अगाडि केही विदेशीहरू, ब्रिटिश दुत, समन्वयकर्ता तथा कर्मचारीहरूले लेखेका नेपाल सम्बन्धी किताबहरूमा नै सीमित रहेको थियो । तर राणा शासन पतनसँगै नेपालले लिएको खुल्ला वैदेशिक नीतिको अङ्गीकार पछि नेपालमा धेरै विदेशी तथा स्वदेशीहरूले नेपालका विभिन्न ठाउँमा बसोबास गर्ने जाती/जनजातीहरू सम्बन्धित धेरै अध्ययन तथा अनुसन्धान गरेको पाइन्छ । उत्तरी पूर्वी पहाडी भू-भागमा बसोबास गर्ने तामाङ्ग जातिको बारेमा विभिन्न किसिमबाट अध्ययन/अनुसन्धान भए तापनि समाजशास्त्रीय दृष्टिकोणबाट कम भएको पाइन्छ ।

काठमाडौं उपत्यकामा महाचिनबाट आफ्ना शिष्यहरूका साथ आएका मञ्जुश्रीले चोभार डाँडा काटी उपत्यकाको पानी बाहिर पठाएको भन्ने वंशावलीमा उल्लेख गरेको कथनलाई एसियाका पुरातत्वविद् डा. एनातोली थाकाबलेभ शेन्टेन्कोले २०३४ सालमा बुढानिलकण्ठको पूर्व दक्षिणतिरको धोबिखोलामा पुरातात्विक अवशेषहरूको खोजी गर्दा ईशापूर्व तीस हजार बर्षभन्दा अगाडिका ढुङ्गे हतियारहरू फेला परेको तथ्यले काठमाडौं उपत्यकामा मङ्गोल जातिका मानिसहरू उत्तरतिरबाट आएर आबद्ध भएको कुरा पुष्टि हुन्छ । यसले मङ्गोल मुलका तामाङ्गहरूको इतिहास अत्यन्तै प्राचीन हुनसक्ने कुरा इङ्गित गर्दछ ( तामाङ्ग, २०५४) ।

तामाङ्गहरूको उद्गम स्थानको बारेमा एकिनसाथ भन्न नसकिए तापनि तामाङ्ग जाति मङ्गोल मुलका चिनियाँ भोट बर्मेली भाषा परिवारका सदस्य हुन् भन्ने कुरामा सबै विद्वान्हरू सहमत देखिन्छन् । हेगनको अनुसार नेपालमा तामाङ्गको

सबैभन्दा पुरानो थलो पश्चिम नेपालको त्रिशुली र बुढी गण्डकी नदी बिचको गणेश हिमालको दक्षिणपट्टि हो जहाँ सँस्कृति आजसम्म पनि संरक्षित छ (तामाङ्ग, २०५४) ।

अठारौँ शताब्दीको प्रथम दशकतिर तामाङ्गहरू आइपुगेका र नेवारहरूले उपत्यकाबाट धपाएपछि नेपाल र तिब्बतको सिमाना क्षेत्रमा बसोबास शुरु गरेका थिए । होफरको बिचारमा तामाङ्गको पुर्ख्यौली थलो तिब्बतको केरुङ्ग क्षेत्र हो । त्यहीँबाट तामाङ्गहरू भोटेकोशी त्रिशुली हुँदै धादिङ्गतिर झरेका हुन् (तामाङ्ग, २०५१) ।

तामाङ्गहरूको आफ्नै भाषा लिपि रहेको छ, जसलाई तामयिग भनिन्छ । यो तामाङ्ग भाषा यिनै तिब्बती महावंशको भोट बर्मेली परिवार अन्तर्गतको एक हिमाली भाषा हो । अन्य भोट बर्मेली भाषाका तुलनामा तामाङ्ग भाषाको सहजातीय सम्बन्ध गुरुङ्ग, थकालीसँग नजिक रहेको देखिन्छ (तामाङ्ग, २०५१) ।

नेपालमा मुख्यतया आर्यन र मङ्गोलियन जातिहरूको बाहुल्यता परापूर्वकालदेखि नै रहँदै आएको पाइन्छ । आफ्नै साँस्कृतिक पहिचान बोकेका विविध जाति तथा जनजातिहरूलाई मुख्यतया भाषिक उत्पत्तिको आधारमा इण्डो आर्यान र तिब्बती, बर्मन गरी दुई समुहमा विभाजन गर्न सकिन्छ । हिमाली क्षेत्र जुन महाभारत श्रृङ्खलाको उत्तरपट्टि भू भाग हो, त्यसमा मङ्गोलियन अनुहारका मानिसहरू बसोवास गर्दछन्, जसलाई भोटे तथा शेर्पा भनी चिनिन्छ । यी मानिसहरूको मुख्य पशुपालन चौरी, भेडा हो भने मुख्य खाद्यान्नमा वा कृषिमा आलु, जौ, मकै पर्दछन् । त्यसपछि मध्ये क्षेत्रको रूपमा चिनिने पहाडी प्रदेश, महाभारत र तराइप्रदेशको बिचमा अवस्थित छ । यहाँ मुख्य गरेर ब्राह्मण, क्षेत्री, गुरुङ्ग, मगर, तामाङ्ग, राई, लिम्बू, माझी, बोटे, नेवार, कामी, दमै, सार्की आदि जातीहरूले बसोबास गर्दछन् । त्यस्तै तराई प्रदेश जसलाई उष्ण प्रदेशले चिनिन्छ । यो प्रदेश दक्षिणमा

भारत र उत्तरमा चुरे डाँडाहरूको बिचमा पर्दछ । तराईका मानिसहरू भारतका मानिसहरूसँग शारीरिक बनाबट तथा कतिपय साँस्कृतिक पक्षहरूमा मिल्दाजुल्दा हुन्छन् । यस भूभागमा राजपुत, थारू, दनुवार, राजबंशी, माझी, सतार, धिमाल, यादव, मुसलमान, बोटे आदि तथा पछि बसाइ सरी कति पहाडीयाहरूले पनि बसोबास गरेको पाइन्छ (तामाङ्ग, २०५२) ।

तामाङ्ग जाति मङ्गोल मूलका मानिन्छन् । काठमाडौं उपत्यका महाचिनबाट आफ्ना शिष्यहरूका साथ आएका मन्जुश्रीले चोभार डाँडा काटी उपत्यकाको पानी बाहिर पठाई बस्ती बसाएको कुरा नेपालका विभिन्न इतिहासहरूमा उल्लेख गरेको पाइन्छ । यो कथनलाई एसियाका पुरातत्वविद् डा. एनातोली थाकावलेभ शेन्टेन्कोले २०३४ सालमा बुढानिलकण्ठको पूर्व दक्षिणतिरको धोबीखोलामा पुरातात्विक अवशेषहरूको खोजी गर्दा ईशापूर्व तीसहजार वर्षभन्दा अगाडिका मङ्गोलियन नमुनाका ढुङ्गे हतियारहरू फेला पारेको तथ्यले काठमाडौं उपत्यकामा मङ्गोल जातिका मानिसहरू उत्तरतिरबाट आएर आबद्ध भएको कुरा पुष्टि हुन्छ । यसले मङ्गोल मुलका तामाङ्गहरूको उद्गम स्थानको बारेमा एकिन साथ भन्न नसकए तापनि तामाङ्ग जाती मङ्गोल मूलका चिनिया भोट बर्मेली भाषा परिवारका सदस्य हुन् भनने कुरामा सबै सहमत छन् । हेगनको अनुसार नेपालमा तामाङ्गको सबभन्दा पुरानो थलो पश्चिम नेपालको त्रिशुली र बुढी गण्डकी नदी बिचको गणेश हिमालको दक्षिणपट्टि हो जहाँ सँस्कृति आजसम्म पनि संरक्षित छ (तामाङ्ग, २०५४) ।

वि.सं. २०१८ सालतिर नै झण्डै पाँचलाख बिसहजार जनसंख्या रहेका तामाङ्ग जाती नेपालको प्रमुख जनजाती मध्ये एक रहेको छ । तामाङ्ग जाती काठमाडौं उपत्यका र यसका छेउछाउमा छरिएर रहेको पाइन्छ । यस जातिको सातवटा जिल्लामा जिल्लागत बाहुल्यता रहेको छ जुन एउटा हिमाली, चारवटा पहाडी र दुईवटा भित्री मधेश क्षेत्रमा पर्दछन् । जस अन्तर्गत रसुवा, धादिङ्ग, नुवाकोट,

काभ्रे, सिन्धुपाल्चोक, मकवानपुर र सिन्धुली जिल्लामा तामाङ्ग जनसंख्या बढी रहेको छ । राष्ट्रिय जनगणना २०५८ अनुसार तामाङ्ग जातिको जम्मा जनसंख्या १२,८२,३०४ रहेको छ, जसले राष्ट्रिय जनसंख्याको ५.६४ प्रतिशत भूभाग ओगटेको छ । विशेषगरी तामाङ्ग जातिहरू काठमाडौँ उपत्याका र माथि उल्लेखित जिल्लाहरूमा बढी पाइए तापनि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छिटपुट रूपमा फैलिएको पाइन्छ । यिनीहरूको शारीरिक बनोट तथा भाषा शेर्पा तथा भोटेसँग मिल्दोजुल्दो हुन्छ (तथ्याङ्क विभाग, २०५८) ।

सिन्धुपाल्चोक जिल्लाको गुन्सा गाविसमा लामो समयदेखि आदिबासी जनजातिको रूपमा तामाङ्गहरू बसोबास गर्दै आएका छन् । राजधानी नजीकको जिल्ला रहेर पनि यिनीहरू विकासको मूल प्रवाहमा समाहित हुनसकेका छैनन् । आर्थिक स्थिति अन्य जाति/जनजातिको तुलनामा धेरै नै पिछडिएको छ । आधुनिकीकरणसँगै भित्रिएको पश्चिमीकरणले आफ्नो मौलिक सँस्कृति तथा परम्परा ह्रास हुँदै गइरहेको छ भने यी जातिको समाजशास्त्रीय दृष्टिकोणले गहन अध्ययन हुनु सान्दर्भिक देखिन्छ ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक, बहु-साँस्कृतिक, बहु-धार्मिक भएका विविध जाती तथा जनजातिहरूले बसोबास गर्दै आएको एक सङ्गमस्थल हो । जुनसुकै जातजातिहरूको आ-आफ्नै मौलिक भाषा, धर्म, सँस्कृति तथा परम्परा रहेको छ । यी विविध परम्पराहरू, सँस्कृतिहरू, धर्महरू, भाषाहरू बोकेका जाती तथा जनजातीहरू एक अर्कामा सुमधुर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकीकृत भएका भए तापनि समानुपातिक विकासको अभावले गर्दा केही जातीहरू धेरै पिछडिएका छन् । हिजोआज यिनै पिछडिएका र माथिल्ला वा विकसित जातिहरू बीच समानुपातिक विकासका सुविधाको वितरणमा आएको अभावले गर्दा कताकता

द्वन्द्वको सुरुवात हुनथालेको पनि पाइन्छ । सबै जाती तथा जनजातिहरूलाई समानुपातिक रूपले उनीहरूको परम्परागत सँस्कृति, धर्म, रीतिरिवाज जस्ता कुराहरूको संरक्षण गर्दै विकास हुनु आवश्यक देखिन्छ ।

नेपालमा प्राचीनकालदेखि नै बसोबास गर्दै आएका आदिवासी जनजातीहरूमध्ये तामाङ्ग पनि एक हो । सिन्धुपाल्चोक जिल्लामा बसोबास गर्दै आएका अधिकांश यो जनजातिका मानिसहरू विकासका आधारभूत पक्षहरू जस्तै शिक्षा, स्वास्थ्य, सन्तुलित खाना, सफा बसोबास जस्ता कुराहरूबाट पनि टाढा रहेको पाइन्छन् । नेपालको राजधानी वरिपरिका जिल्लाहरूमा रहेर पनि यिनीहरूको दैनिक जीवन चर्या दयनीय तथा दुःखमय रहेको पाइन्छ ।

सिन्धुपाल्चोक जिल्लाको गुन्सा गाविस वडा नं. २ मा अवस्थित स्यापसाङ गाउँमा बसोबास गर्ने तामाङ्ग जातिहरूको आफ्नै मौलिक सँस्कृति, परम्परा, भाषा, धर्म आदि रहेका छन् । आधुनिक प्रविधिको प्रभावसँगै यस क्षेत्रमा बसोबास गर्दै आएका यिनीहरूको आफ्नो मौलिक सँस्कृति तथा परम्परा क्रमशः परिवर्तत भई लोप हुने अवस्थामा छ । कुनै पनि प्राचीनकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको सँस्कृति भनेको देशकै एक अति महत्वपूर्ण सम्पदा हो । यस्ता सँस्कृतिको संरक्षण तथा प्रबर्द्धन हुन नसकेको अवस्थामा भोलिका दिनहरूमा नेपालको आफ्नो विविधता मुलक इतिहास तथा परिचय नै लोप हुनसक्छ । आफ्नो मौलिक सँस्कृति तथा परम्परामा परिवर्तन आइरहेको भए तापनि यिनीहरूको जीवनमा विकासको सूर्यका किरणहरू आइपुग्न नसकेको देखिन्छ । जिल्लाका अन्य समुदायहरू जस्तै यिनीहरू विकासको मूल प्रवाहमा समाहित भई आफ्नो जीवनस्तरमा खासै आर्थिक रूपान्तरण भएको पाइँदैन । आज पनि विकासका सबैजसो पक्षहरूमा पछाडि परेका छन् । समग्र राष्ट्रको विकास गर्नका निमित्त यहाँ बसोबास गर्दै रहेका सबै जाति/जनजातिहरूको विकास हुनु जरुरी छ । कुनै एक वा खास सम्प्रदायका मानिसहरू मात्र विकासले समग्र राष्ट्रको विकास हुनुको सट्टा

यसले राष्ट्रमा दीर्घकालिन द्वन्द्व तथा सङ्घर्ष निम्त्याउने हुन सक्दछ । त्यसैले पिछाडि परेका जाति/जनजातीहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षहरूको राम्रोसँग अनुसन्धान तथा अध्ययन गरी उपयुक्त नीतिहरू तथा योजनाहरू बनाई विकासको मूलप्रवाहमा ल्याउनसकेको अवस्थामा समग्र राष्ट्र नै अगाडि बढ्न सक्छ । विकासको मूलप्रवाहमा ल्याउनुको साथसाथै सँस्कृति तथा सँस्कारहरूको संरक्षण पनि आवश्यक हुन्छ जुन राष्ट्रकै एक पहिचान गराउने सम्पत्ति पनि हो । तसर्थ, यस शोधकार्यले निम्नप्रकारका प्रश्नहरूको उत्तर खोतल्ने प्रयत्न गरेको छ ।

- तामाङ्ग जातिको सामाजिक, साँस्कृति अवस्था कस्तो छ ?
- जीविकोपार्जनका लागि उनीहरुको सामाजिक तथा आर्थिक साधन तथा स्रोतहरू के के हुन् ? र त्यसमा पहुँचको स्थिति के कस्तो रहेको छ ?
- उनीहरूले आफ्नो मौलिक सँस्कृतिलाई कत्तिको परिमार्जन गर्दै छन् ?
- आधुनिक किसिमका विकासका साधनहरूको कत्तिको उपभोग गर्दै छन् कि छैनन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको प्रमुख उद्देश्य भनेको सिन्धुपाल्चोक जिल्ला, गुन्सा गाविस बसोबास गर्ने तामाङ्ग जातिका सामाजिक तथा आर्थिक पक्षको समग्र अध्ययन गर्नु हो । र, यसका अन्य विशिष्ट उद्देश्यहरू निम्न छन्:

- तामाङ्ग जातिको सामाजिक तथा साँस्कृतिक पक्षहरूका बारेमा जानकारी हासिल गर्नु ।
- तामाङ्ग जातिहरु आर्थिक पक्षको खोजी गरी विश्लेषण गर्नु ।

## १.४ अनुसन्धानको महत्व

नेपाल गाउँ नै गाउँले भरिएको देश हो । यहाँका गाउँहरूमा विविध किसिमका धर्म, सँस्कृति, भाषा, परम्परा आदि बोकेका ६० भन्दा बढी किसिमका जाति तथा जनजातिहरूले बसोबास गर्दछन् । श्री ५ बडाबहाराजधिराज पृथ्वीनारायण शाहले दिएको नेपाल चार जात छत्तीस वर्णको साभ्का फूलबारी हो भन्ने उक्तिबाट नै नेपाल जाति/जनजातिहरूको विविधताले भरिपूर्ण मुलुक हो भन्ने कुरा प्रष्ट हुन्छ । यस्तै धेरै आफ्नै मौलिक परम्परा, सँस्कृति तथा धर्म बोकेका प्राचीनकालदेखि बसोबास गर्दै आएका आदिवासीहरूमध्ये तामाङ्ग पनि एक हुन् । तामाङ्गहरूको पनि आफ्नै परम्परा, धर्म, सँस्कृति तथा जीवनशैली छ । यसरी विविध सँस्कृति भएका जाति/जनजातिहरूको समानुपातिक तथा सन्तुलित रूपले विकास हुनसकेको छैन । धेरैजसो जनजातिहरू विभिन्न कारणहरूले गर्दा आर्थिक तथा सामाजिक रूपले पिछडिएका छन् । राष्ट्रको समग्र विकासको निमित्त यी सबै पिछडिएका जाति/जनजातिहरूको वास्तविक जीवनसँग सम्बन्धित सामाजिक, साँस्कृतिक तथा आर्थिक पक्षहरूको अध्ययन तथा अनुसन्धान गरी यी सबैलाई आआफ्नो सँस्कृतिको संरक्षण तथा सम्बर्द्धन गर्दै उचित किसिमका विकासका कार्यक्रमहरू तय गरी विकासको मार्गमा लगाउन सकेमा राष्ट्रको नै सुनौलो भविष्य तयार गर्न सकिन्छ ।

काठमाडौंको वरिपरि तथा उपत्यका बाहिर बसोबास गर्दै आएका तामाङ्गहरूको जीवनस्तर दयनीय अवस्थामा रहेको छ । तामाङ्गहरूको जीवनस्तरमा आधुनिक विकासको उज्यालो खासै पर्नसकेको छैन । यिनीहरूको आर्थिक, सामाजिक तथा अन्य पक्षको स्थिति अन्य स्थान वा जातिजातिकाहरूको तुलनामा धेरै नै पिछडिएको छ । आधुनिकीकरण सँगसँगै भित्रिएको पश्चिमीकरणले तामाङ्गहरूको आफ्नो मौलिक साँस्कृतिकपनमा प्रभाव पार्दै परिवर्तन उन्मुख रहेको छ ।

यस अध्ययनले गुन्सा गाउँमा तामाङ्गहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक स्थितिबारे वास्तविक तथ्यहरू प्रकाश पारी उनीहरूलाई विकासको मूल प्रवाहमा ल्याउन आवश्यक सुझावहरू पनि पेश गर्ने हुँदा सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूलाई सहयोग पुग्नेछ । त्यसैगरी विभिन्न जाति/जनजातीहरूको अध्ययन गर्न इच्छुक स्वदेशी तथा विदेशी शिक्षक, अनुसन्धानकर्ता, संघसंस्थाहरूलाई पनि थोरै भए पनि सहयोग गर्नेछ भने नेपालको जाति/जनजातिहरूको समाजशास्त्रीय तथा मानवशास्त्रीय अध्ययनमा एउटा सानो इँटा थप्ने छ ।

## १.५ अध्ययनको सङ्गठन

अध्ययनलाई सजलोसित बुझ्नको निमित्त अध्ययनमा विभाजन गरिएका विभिन्न अध्यायहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

अध्याय एकमा अधयनको सामान्य परिचय, समस्याको कथन, उद्देश्य तथा महत्व र अध्ययनको संगठनलाई समायोजन गरिएको छ । अध्याय दुई अध्ययनसंग सम्बन्धित विभिन्न साहित्य तथा कृतीहरुको पुनरावलोकन गरिएको छ ।

अध्याय तीनमा अध्ययनको सिलसिलामा प्रयोग गरिएका विभिन्न अनुसन्धान विधी, तथ्याङ्क संकलन विधि जस्ता कुराहरुलाई प्रस्तुत गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय दिइएको छ ।

त्यसरी नै अध्याय पाँचमा तामाङ्ग जातिका विविध सामाजिक एवं सांस्कृतिक पक्षहरुलाई उल्लेख गरिएको छ र अध्याय छ मा तामाङ्गको आर्थिक पक्षका विभिन्न पक्षहरुलाई प्रस्तुत गरिएको छ । अन्तिम अध्याय वा सातौं अध्ययमा सारांश र निस्कर्ष पेश गरिएको छ ।

# अध्याय – दुई
# सन्दर्भ साहित्यको पुनरावलोकन

यस अध्ययमा तामाङ जातिको सामाजिक तथा आर्थिक पक्षसँग सम्बन्धित रहेका विभिन्न पुस्तक, लेख, अनुसन्धान, प्रतिवेदन आदि जस्ता कृतिहरूको अध्ययन गरिएको छ ।

## २.१ तामाङ जाति र उनीहरुको सामाजिक जनजीवन

राष्ट्रिय जनगणना २०४८ अनुसार तामाङ्गहरूको जम्मा जनसङ्ख्याको १३ प्रतिशत हिन्दु, ८६ प्रतिशत बौद्ध, १ प्रतिशत क्रिश्चियन र बाँकी १ प्रतिशत अन्य धर्म मान्ने रहेका छन् (माबुहाङ, २०५६) । तामाङ्ग समाजमा थर प्राप्तबारे एउटा किंबदन्ती प्रचलित छ । जस्तो पहिले संसारमा कोही मानिस थिएनन्, त्यसकारण संसारको सञ्चालनको निमित्त आदि बुद्धले तिन भिक्षुहरूको सृष्टि गर्नुभयो र ती भिक्षुहरूको सहायताको लागि दोर्जेग्याङबाट डोल्मा, छटासी र टुकु नाम गरेकी तिन कन्याहरू सृष्टि गर्नुभयो । ती तिन कन्याहरू जवान अवस्थामा पुगेपछि तिनीहरूको विवाह बाँदरसँग गरिदिए । डोल्मा र बाँदरको योगबाट सात थर तामाङ्गहरू (घिसिङ्ग, बल, थोकर, थिङ्ग, डयासुर, ग्लान र रूम्बा) उत्पत्ति भए भने छटासी र बाँदरको संसर्गबाट छ तर तामाङ्गहरू, योन्जन, ढोड, डेके, स्याङवो, जिम्बा र त्यसैगरी टुकु र बाँदरको संसर्गबाट पाँच थर तामाङ्गहरू ( पाखिन, मोक्तान, वाइबा, टुपा, लुडवा) गरी जम्मा अठार थर तामाङ्गहरूको उत्पत्ति भयो । तर तामाङ्ग जातिको थर विभाजन यति नै थर छन् भनेर किटान गर्न सकिएको छैन । तामाङ्गमा बाह्र र अठार थर विभाजन भए तापनि थरमा

खासै अन्तर देखिँदैन । तामाङ्गहरूको १३४ थरहरूसम्म भएको पाइएको छ ( बलामी, २०५८) ।

तामाङ्ग युवक युवतीहरू कालो, हरियो, रातो र कलेजी रङ्ग अधिक मन पराउँछन् । तामाङ्गहरू आफ्नो वातावरण अनुसार मिल्ने लुगा लगाउँछन् । स्वास्नी मानिस लोग्ने मानिस भन्दा अधिक गहना मन पराउँछन् । बस्त्रमा जस्तै आभूषण पनि स्थान अनुसार तथा वातावरण अनुसार फरकफरक लगाउँछन् । त्यसैले सबै ठाउँका तामाङ्गहरूको बस्त्र यस्तै हुन्छ भनेर किटान गर्न सकिँदैन ( शर्मा, २०३९) ।

तामाङ्ग सेलो (गीत) तामाङ्ग समाजमा गाइने एक विशेष भाकाको गीत हो । सबैजसो तामाङ्ग गीतहरू यसै भाकामा गाइन्छ । विभिन्न पर्व तथा उत्सवहरूमा सेलो गाउनु अनिवार्य जस्तै हुन्छ । डम्फु तामाङ्गहरूको अति नै लोकप्रिय बाजा हो । सेलो गाई डम्फुको तालमा नाचेर मनोविनोद गर्नु तामाङ्गहरूको दिनचर्या जस्तै हो । गाउँघर, मेलापातमा समावेश भई नाचगान, ठट्टा गर्नु तामाङ्ग समाजमा सामान्य जस्तै मानिन्छ (खत्री, २०५६) ।

तामाङ्गहरूको परम्परागत गाउँ सङ्गठनमा आठ सदस्यहरू हुन्छन्, जस्तै योहो ( अध्यक्ष), मुल्मी (गाउँको मुखिया), ङाप्ता (पुरोहित) डोप्ता (साधु), आला (ठाल), ताम्बा (बंशावलीलेखक), मुरली गोडाई (सचिब) र बान्सी (धामी र निम्न कोटीको पुरोहित) रहने व्यवस्था छ । तामाङ्गहरू समाज मुख्यतया दुई भागमा विभाजित हुन्छन् ( बाह्र जात र अठार जात । बाह्र जात तामाङ्गहरू झर्रा तथा अठार जात ठिम्मर हुन् भन्ने पनि कसैकसैको धारणा छ तर यी दुई भागहरूमा थर एकै प्रकारका हुन्छन् । समाजका प्रत्येक सदस्यको हातमा एकएक जिम्मेबारी सुम्पिएको

हुन्छ र त्यो काम उसले पूरा गर्नु पर्दछ । गाउँमा स(साना झैँझगडा मिलाउने र पुर्पच्छे गर्ने काम मुल्पीमा निहित हुन्छ (शर्मा, २०३९) ।

तामाङ्ग जातीको शारीरिक बनाबट मझौला उचाई, थेप्चो र छोटो नाक, गोलो अनुहार, गाला केही उठेका, कालो र सानो आँखा, पातलो र मध्यम किसिमको कान, गहुँवर्ण रङ्ग, मझौलाकद, कालो कपाल, आँखीभौँ र दाह्री पातला भएका हुन्छन् र यिनीहरू मङ्गोलिन प्रकृतिका हुन्छन् (तामाङ्ग, २०५१) ।

तामाङ्गहरू एकै ठाउँमा झुरुप्पै बस्ती बसाएर बस्न मन पराउँछन् । तामाङ्गहरूले घर बनाउँदा घरको सङ्केत हुने गरी काठको मुर्ती बनाएर राख्दछन् र यो बाटो हिँड्ने मान्छेले देख्ने ठाउँमा राखेको हुन्छ । यसो गर्नाले नयाँ बनाएको घरमा भुतप्रेत आउँदैन, अपुतो हुन, पर्दैन तथा बज्र पर्दैन भन्ने परम्परागत धारणा उनीहरूमा रहेको पाइन्छ । यिनीहरूमा घर गच्छेअनुसार एकदेखि तीन तलेसम्म हुन्छ (शर्मा, २०३९) ।

साधारणतया तामाङ्गहरूको दाहसँस्कार घाटको सट्टा डाँडामा गर्ने गरिन्छ । दाहसँस्कार भैरहेको बेला नजिकमा लामाहरू पलेटी कसेर शास्त्र पढिरहन्छन् । मृत व्यक्तिको घरबाट पकाएर लगिएका खानापिना तथा जाँड खाँदै पढ्नमा तल्लिन हुन्छन् । मलामीहरूले साधारणतः घाटमा केही खाँदैनन् तर दाहसँस्कार गरी फर्केपछि मृतकको घरमा बसेर चियाखाजा खानामा बाधा हुँदैन (शर्मा, २०३२) ।

तामाङ्ग मध्येमा पनि लामाहरू आफूलाई बढी परिष्कृत ठान्दछन् । त्यसैले बिहाबारी लेनदेन सकेसम्म लामालामाकै परिवार भित्र गर्ने कोसिस गरिन्छ । लामाहरू मात्र धर्म र धार्मिक विधिमा तालिम पाएका मानिस हुनाले यिनीहरूबाट नै पुरोहित्याइँको काम हुन्छ । लामा खासमा थर नभई पेशा भएको हुँदा जुनसुकै

थरको मानिस पनि लामा हुनसक्छन् । तैपनि लामा परिवारभित्रकै केटाकेटीलाई पढ्न, लेख्न र काम सिक्न सजिलो पर्ने हुनाले यो करिबकरिब पारिवारिक पेशा जस्तै हुनजान्छ । अनि क्रमशः लामा सँस्कार प्रचलित हुँदै जाँदा थर जात नै लामा भएर गएको हुन्छ । यस्ता थरका मानिसहरूले आफूलाई अरू सर्वसाधारण तामाङ्ग भन्दा उच्च ठान्न थाल्दछन् । त्यसैले तामाङ्ग बाहेकका जुनसुकै जातका मानिसले जुनसुकै तामाङ्गलाई मर्यादापूर्वक सम्बोधन गर्नुपर्दा लामा भन्ने र यसरी सम्बोधन पाउने मानिसले आफूलाई मर्यादित भएको ठान्ने पनि चलन छ (विष्ट, २०५२) ।

तामाङ्ग परम्परामा सृष्टि वर्णन र आधारभूत मानवमूल्य र मान्यताहरूमध्ये नेपाल अथवा नेपाल मण्डलको उत्तरी भेकमा प्रायः बसोबास गर्ने तामाङ्गहरू आफूलाई काठमाडौँ उपत्यकाको सबै प्राचीन निवासीहरू तथा भगवान शङ्करका सन्तान मान्ने गर्दछन् । हाल प्रायः सबै बौद्धमार्गी भए तापनि झाँक्रीवादी (बोन्बो) मान्ने प्रकृतिपुजक हुन् (श्रेष्ठ, २०५८) ।

विहे गर्दा फुपू चेली, मामा चेली, फूपूचेला दुवै थरी गर्ने चलन छ । तर केटा र केटीहरु आपसी भेटघाट, खेलवाड र मायाप्रिति बसाउनमा पूरै स्वतन्त्र हुनजानाले आफ्नो जातभित्र जोसुकैसँग विहे गर्न सक्दछन् । धेरै जसो विहे उमेर पुगेका केटा र केटीले आपसको मायाप्रिति बसालेर नै गर्दछन् । विहे नगर्दै छोराछोरी पाइहाल्ने केटीलाई पनि फेरी अर्को केटो खोजे विहे गर्न खास गाह्रो पर्दैन । त्यसैले छोरीलाई बेलैमा, कम उमेरमै, केटो खोजेर विहे गरी दिइहालेपछि निर्धक्क मान्ने बाहुन, क्षेत्री बाबुआमालाई जस्तो तामाङ्ग बाबुआमालाई तरुनी छोरीबारे पीर गर्नु पर्ने स्थिति छैन । तर समय समयमा बाहुन क्षेत्रीकै नक्कल गरेर सानै उमेरमा केटा र केटीको बन्दोबस्त मिलाई विहे गर्ने चलन पनि एक दुई सम्पन्न तामाङ्गले बसाल्न खोजेको देखिन्छ । विहे नगरेको भाइले आफ्नो दाजु मरेपछि विधवा भाउज्यू स्याहार्ने

चलनले घर पैतृक सम्पत्ति धेरै टुक्रिन नपाउने राम्रो चलन बसेको छ । साधारण अवस्थाको विहेमा जन्ती, भोज, रमिता, दाइजो, गोडधुवा, पेवा आदि सबै अरु नेपाली जातसँग मिल्दो नै हुन्छ (विष्ट,२०५२) ।

तामाङ्गहरु विभिन्न चाडपर्वहरु मनाउँछन् । ती चाडपर्वहरुमा ल्होछार (नयाँ बर्ष) प्रमुख हो । ल्हो भनेको बर्ष र छार भनेको नयाँ हो अर्थात ल्हो छार भनेको नयाँ बर्ष हो । उत्तरी क्षेत्रमा तामाङ्गहरु ल्हो छार धुमधामसँग मनाउँछन् । त्यो नै तिनीहरुको निम्ति प्रमुख चाड हो । यो पर्व पौष शुक्लपक्षको शुरु अर्थात माघे संक्रान्तिको हाराहारीमा पर्दछ । यो चाड १५ दिन देखि १ महिनासम्म मनाइन्छ । यो पर्वमा घरहरु सरसफाई गरी सजाइन्छन् । यो पर्वमा घरका मुलीले नौनी घिउको टिका लगाइ आशीर्वाद दिन्छन् । १५ दिन सम्म आफन्तहरुको घरमा सगुन बोकेर आशीर्वाद लिने गर्दछन् । यो पर्व व्यक्तिगत र सामूहिक पर्वको रुपमा मनाइन्छ । यस बाहेक माघे संक्रान्ति, चैते दशै, वैशाख पूर्णे, साउने संक्रान्ति, दशै, तिहार, भूमि पूजा, गोठपूजा आदि पर्वहरु मनाउँदछन् (तामाङ्ग, २०४८) ।

## २.२ तामाङ्ग जातिको संस्कार सम्बन्धी अध्ययन

तामाङ्ग संस्कारमा ल्हाठीम (देउनीति), छयोइठीम (धर्मनीति), ग्लेठीम (राजनीति) र हयुलठीम (समाजको नीति) संग्रहित छन् । छ्योयठीम धार्मिक दर्शन र मान्यताद्धारा निर्देशित छन् भने लेठीम र ह्युलठीम देश, काल (समय), स्थान, परिवेश, वातावरण र क्षमता अनुरुप निर्मित छन् ।

अहिले तामाङ्ग समाजमा तामाङ्ग संस्कार र संस्कृतिका सुधार संरक्षणको बहसले महत्वपूर्ण स्थान ओगटेको छ । कसैले यसलाई तिव्वती लामा बुद्ध धर्मका सुधार आन्दोलनका आँखाले हेर्दछन् । कसैले राज्यद्धारा प्रोत्साहित हिन्दू मान्यताका

आधारमा हेरेका छन् । कसैले पाश्चात्य संस्कृति र ईसाइकरण मान्यताले हेरेका छन् । कसैले धर्म, संस्कार र संस्कृतिलाई अपरिवर्तनीय र शास्वत ठानेका छन् । कसैले धर्म र संस्कृतिलाई एउटै ठान्दछन् । तामाङ्गहरु जतातती व्यापक फैलिएका छन्, तामाङ्ग संस्कारहरुमा त्यतिकै मात्रामा विभिन्नताहरु पाइन्छन् । एक क्षेत्रमा बस्ने तामाङ्गलाई अर्को क्षेत्रमा बस्ने तामाङ्गकै संस्कार, रितिथिति, रहनसहन र चालचलन एकदमै भिन्न, अनौठो, अमिल्दो, अपरिचित लाग्न सक्छ (तामाङ्ग, २०५४)।

गोले र दोङ दाजुभाइ थर मानिने हुनाले आपसमा बिहाबारी गर्दैनन् । यी दुई बाहेक अरू सबैमा एक थरको अर्कोसँग कुटुम्बको नाता मात्र हुन्छ । बिहे गर्दा फुपूचेली, मामाचेली वा फुपूचेला, मामाचेला दुवै चल्दछ । केटाकेटीहरू आपसी भेटघाट र खेलबाड र मायाप्रिती बसाउन पुरै स्वतन्त्र हुने हुनाले आफ्नो जातभित्र जोसुकैसँग पनि बिहे गर्न सक्दछन् (बिष्ट, २०३०) ।

तामाङ्गहरूको आफ्नो पुरानो धर्म लामा बौद्ध धर्म हो । तर नेपालका सबैजसो जनता जस्तै यिनीहरू पनि धर्मका कट्टर हुँदैनन् । ठूलाठूला गाउँहरूमा बौद्ध घ्याङहरू हुन्छन् । खासगरी भगवान् बुद्ध, अवलोकितेश्वर, गुरु पद्म सम्भव तथा अरू कैयन ठूला लामाहरूको पूजापाठ गर्ने गर्दछन् । धर्मका लागि ठाउँठाउँमा चैत्य बनाउने चलन हुन्छ । चैत्यहरूलाई ठाउँठाउँमा माने भन्ने पनि चलन छ । यस्तो माने खासगरी मरेका मानिसहरू उद्धार र संझनाका लागि बनाउने गर्छन् ( बिष्ट, २०३०) ।

तामाङ्गहरूले प्राचीन समयदेखि नै आफ्नो जीवनमा चाहिने सबै प्रकारका लेकाली वस्तुहरू डोको, नाम्लो, चित्रो, कुचो, फलेक, दाउरा तथा घर बनाउन प्रयोग गरिने काठहरू निर्माण गर्दै आएका छन् र पछि राणा सरकारको समयमा हसिला,

पारिश्रमिक र लाटा ठानेर दरबारभित्र र बाहिर भारी बोक्ने निम्न तहको काम गर्ने र पल्टनमा भर्ति हुन आए पनि भारी बोकाउने र तल्लो दर्जाको सिपाही (पल्टनमा) मात्र भर्ति गर्ने गरिएको थियो (बिष्ट, २०५४) ।

**२.३ तामाङ्ग जातिको आर्थिक पक्षबारे अध्ययन**

तामाङ (२०५१) का अनुसार, तामाङ्गहरूको अर्थतन्त्रको मुख्य आधार कृषि नै हो । कृषि पछि पशुपालन साना तथा घरेलु उद्योगका साथै विविध व्यवसाय (ज्याला, मजदुरी गर्ने, सवारीका साधन चलाउने, जडिबुटी ल्याई बेच्ने आदि) गरी आफ्नो गुजारा चलाउँछन् ।

तामाङ्ग अर्थतन्त्र प्राचीन सरल समाजमा पाइने उत्पादन प्रणालीसँग मिल्दोजुल्दो छ । तामाङ्ग समाज सरल संरचनामा आधारित समाज हो । तामाङ्ग समाजको संरचना उत्पादनका साधनमाथि सामूहिक स्वामित्व र सामूहिक उत्पादन सम्बन्ध भएको सामुदायिक उत्पादन प्रणालीको उपज हो (तामाङ्ग २०५४) ।

मधेशमा बसाईं सरेर गएका केही तामाङ्गहरू बाहेक अन्य तामाङ्गहरू खोला र बेँसीमा बस्न भन्दा ५००० देखि ७००० फिट सम्मको उचाइमा वा लेकाली भूभागमा बस्न रुचाउँछन् । नेपालका अरू पुराना वस्तीहरूभैँ ठूलाठूला तामाङ्ग गाउँहरू पनि ढुङ्गाको गाह्रो र फलेक वा सिलोटको छानोले बनाएका मजबुत घरहरूले बनेका हुन्छन् । गाउँभित्रका गल्लीहरू ढुङ्गाले छोपेर ओभानो र सफा पारेका हुन्छन् । तर काठमाडौँ खाल्डो वरिपरिका तामाङ्ग गाउँहरू भने उति सम्पन्न, मजबुत नभएर दयनीय अवस्था रहेका देखिन्छन् । काठमाडौँदेखि दुईचार दिन परका तामाङ्गहरू धेरै जस्तो आफ्नै उत्पादनले खान पुगेका, स्वाभिमानी र हँसिला देखिन्छन् । ती तामाङ्गहरूको मुख्य उत्पादन मकै, कोदो, गहुँ, जौ र आलु हुन् । तल्लो भाग भन्नाले बेसी वा गर्मी भागका तामाङ्गहरूले धानको खेती पनि

गर्दछन् । राँगाको मासु, लसुन र जङ्गलको माछा भ्यागुतो घरभित्र पसाल्ने चलन हुँदैन । तर पनि यी चिजहरू घर बाहिर खाएमा समाजले कुनै अप्ठेरो पार्दैन । तामाङ्गहरूको विशिष्ट सीपहरूमा चोयाको काम, उनको राडी पाखी, बख्खु बुन्ने, काठका बुट्टा काट्ने, साधारण सिकर्मी काम गर्ने र लामा देवताहरूको चित्र भएको थाङ्का पौभा लेख्ने आदि हुन् (बिष्ट, २०५२) ।

पृथ्वीनारायण शाहको राज्य विस्तारको क्रममा (१७४८/४९) सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक र तिव्वती मार्गमा पर्ने तामाङ्ग भागहरु जितिएका थिए । पछि १७८८/८९ मा भएको भोटसँगको युद्धमा यहाँका तामाङ्गहरु र पूर्वका लिम्बुहरुले नेपालको साथ नदिएर तिव्वतको साथ दिएका थिए । त्यसकारणले गर्दा नेपालले हार खानु परेको थियो । यस कारणले गर्दा पृथ्वीनारायण शाहको पालामा र पछिसम्म पनि तामाङ्गहरुलाई सैनिक नोकरी खान नदिइने भयो । नेपाल भित्र र बाहिर कुनै ठाउँमा पनि भर्ती लाग्न नदिइने भयो । यसको नतिजा तामाङ्गहरुले पीपा (सैनिकको भारी बोक्ने) हुनुपर्दथ्यो । यो क्रम राणाकालसम्म चलेको थियो । नोकरीको खोजीमा उनीहरु दार्जिलिङ्ग, सिक्किम, भुटान, आसामतिर जान लागेका थिए ।

पछि राणाहरुको सम्पर्कमा आएर राणाहरुले तामाङ्गहरुको थर नै परिवर्तन गरिदिए । नयाँ पोडे र बस्नेत जस्ता थर दिएर जनजातिबाट उच्च हिन्दू जातमा परिवर्तन गराइदिएका थिए । त्यस बेलादेखि "जात दिने राजा भात दिने भाई" भन्ने उखान चलेको थियो यी नयाँ क्षेत्रीहरुलाई साच्चिकै क्षेत्रीले भात दिएका थिएनन् तर तामाङ्गहरुबाट उनीहरुको अस्तित्व भने मेटिएर गयो (तामाङ्ग, १९८६) ।

"तामाङ्गहरु काठमाडौं राजधानी निवासी भएर पनि पराक्रमी छन् । उनीहरुले स-साना कामहरु गरेर सहायता गरेका छन् । पहिला पहिला गाउँमा पुरुष जातिलाई

सैनिकमा भर्ना हुन दिइदैनथ्यो । सैनिकमा भर्ना भएर अन्य जाति जस्तै तामाङ्गहरुले पनि पैसा कमाउनुबाट बञ्चित थिए । जसले गर्दा आर्थिक पक्षमा पछि परे । आर्थिक अवस्थाको कारणबाट उनीहरु एक ठाउबाट अर्को ठाउमा बसाई सर्न बाध्य भए । विभिन्न मजदुरी कार्य र सेवक काम गर्न बाध्य भए (सेल्टर र गुरुङ्ग, १९४६) " ।

भीम शम्शेरको पालामा निर्मित निजामती र सैनिक योग्ताको विवरण पत्रमा नामको पछाडि "तामाङ्ग" लेख्ने परिपाटी कायम हुनु भन्दा अगाडी सम्म तमाङ्गहरु बाहेक अन्य सैनिक पदमा निजामति पदमा तामाङ्गहरुको नियुक्ति हुँदैनथ्यो । वरिष्ठ र सुसंगठित शरिर भएका तामाङ्गहरुलाइ राणाकालमा भारी बोक्ने, पाल टाँङने, दरवार बनाउँदा ज्यामी तथा श्रमिक काम गर्ने हुलाक तथा डोली बोक्ने, डोको नाम्लो बुन्ने, बगैचा गोडमेल गर्ने, लोक्ताबाट नेपाली कागज बनाउने, लिपपोत गर्ने, सालको दुना टपरी ओसार्ने आदि कामको साथै दरवारका डोले, हुक्के, छाते आदि निम्नस्तरीय कार्य गराइन्थ्यो । त्यस्तै गरेर महिला तामाङ्गहरुलाई नानीहरुको स्याहार सुसार गर्ने, धाइआमा र राणाहरुको रखौटीको रुपमा काम गराईन्थ्यो । आज पनि तामाङ्ग युवतीहरु नेपालभित्र र भारतका ठूला शहरहरुमा वेश्यावृत्ति जस्ता दयनीय र निन्दनीय कामलाई अपनाएर बसेको पाईन्छ । यसैगरी पुरुषहरु काठमाडौका अन्य शहरहरुमा भारी बोक्ने, रिक्सा, टेम्पो, ट्याक्सी, ठेलागाडा चलाउने, भाँडा मोल्ने आदि पेशामा लागेका छन् । जातिय विभेद र आर्थिक अवस्थाको कारणले गर्दा तामाङ्गहरु आफ्नो ठाउँ छोडेर अन्यत्रै बसाई सरेका पनि पाइन्छन् (लामा, १९५९) ।

एसआर तामाङ्गको "तामाङ्ग भाषा संस्कृति विकास समिति बुलेटिन १" २०४० अनुसार तामाङ्गहरुले साहू र महाजनहरुको सधै दमन झेल्नु परेको छ । कति तामाङ्गहरुले पूर्खौदेखि कमाएर आएका जग्गा जमिनहरु साहू र महाजनहरुलाई

बुझाएर बसाई सर्नु परेको छ भने कति उनीहरुकै सेवा चाकडीमा बस्नु परेको छ । वर्तमान अवस्थालाई हेर्दा उनीहरुको आर्थिक अवस्था ज्यादै तल्लो अवस्थामा रहेको पाइन्छ । केही जान्ने र बुझ्ने तामाङ्गहरु आफूलाई लामा, गुरुङ्ग भन्ने र आफ्नो भाषा धर्म र संस्कृति छोडी हिन्दू संस्कृतिलाई अपनाउने संस्कृति पनि देखिन्छ । कतिपय मानिसहरुले भनेको सुनिन्छ "फलाना त आफूलाई तामाङ्ग भन्न मन पराउँदैन, तामाङ्ग भनेको त भारी बोक्ने ठेलागाडा चलाउने पो हो त" आदि । यसका लागि दोषी कसलाई मान्ने (तामाङ्ग, २०४०) ।

आदिकालबाट नै तामाङ्गहरुले काठाडौका वरिपरि जिल्लाहरुमा बसोबास गरी शहरवासीलाई आवश्यक पर्ने सरसामानहरु उपलव्ध गराएर आफ्नो आर्थिक अवस्था संचालन गरेका छन् । हँसिला, रसिला, बलिया, सोझा, तामाङ्गहरुलाई राणाकालमा विभिन्न कामहरुमा प्रयोग गरिएको पाईन्छ । मुख्य पेशा कृषिलाई मान्दछन् । जस अन्तर्गत मकै, गहुँ, कोदो, फापर, आलु, धान, जौं, तोरी आदि उत्पादन गर्दछन् । राणा कालमा राणा परिवारलाई खुशी पारी बक्सिस पाएका तामाङ्गहरु आफूलाई धनको लोभमा परी लाज (सरम) ले तामाङ्ग भन्न मननपराउने पनि पाइन्छ । पहिलेका भन्दा आजभोलिका तामाङ्गहरुमा केही परिवर्तन आएको पाइन्छ । पुराना बस्ती त्यागी अन्यत्र बसाई सरेर गएका छन् । आर्थिक दृष्टिले हेर्दा पहिला र अहिलेमा परिवर्तन भएको पाइन्छ (विष्ट, १७७६) ।

ऐतिहासिक रुपले भेदभावमा परेका तामाङ्गहरुले आफ्नो जीवनयापनको लागि विभिन्न आर्थिक क्रियाकलापहरु सञ्चालन गरी आएका छन् । यिनीहरुले जीवनयापनका लागि समुद्र सतहदेखि १०००-१७००० फिटसम्मको प्राकृतिक श्रोत र साधनलाई उपयोग गरेको देखिन्छ । तामाङ्गहरुको बसोबास काठमाडौ जस्तो महानगरीसंग जोडिएको त्यति कै टाढा विकट ठाउंमा पनि भएको हुनाले आर्थिक श्रोतको परिचालनमा निकै विविधता देखिन्छ भने शहरका नजिकको तामाङ्गको


अर्थतन्त्र ग्रामीण अर्थतन्त्रो तुलनामा मौद्रिककरण भएको देखिन्छ । तामाङ्गहरुको कृषि भूमिलाई दुई भागमा बांडिन्छ । (१) खेत (२) बारी । यिनीहरुको मुख्य बाली मकै, धान, गहुँ, जौं, आलु, वोडी, सिमी, भटमास, मस्याङ, फापर, कोदो, बदाम, मुला, साग सव्जी आदि हुन् । कृषिपछि पशुपालन दोश्रो पेशा हो । त्यसपछि घरेलु उद्योग धन्दामा हलो, दाम्लो, डोको, नाम्लो, डालो, थुन्से, मान्द्रो चित्रा, भकारी, घुम पुरुषहरुले बुन्ने काम गर्दछन् भने नारीहरुले गुन्द्री, पिरा, चकटी, राडी, पाखी बुन्दछन् । कपास रोपेर त्यसको धागोबाट कपडाहरु जस्तै श्यामा, रुङताङ, खादी, वर्को, तोको रोक, लपिता, फकी, फेल, छिटको फरिया आदि बुन्दछन् । यसबाहेक कागज बनाउने पनि तामाङ्गको पुस्तैनी पेशा मानिन्छ ( तामाङ्ग, २०५१) ।

आर्थिक अवस्थाको कारणले गर्दा तामाङ्गहरु ज्याला मजदूरी तर्फ आ-आफ्नो आकर्षित भएका छन् । गलैंचा कारखानाका कूल मजदूर मध्ये ८० प्रतिशत मजदूर तामाङ्गहरु रहेका छन् भने थाङ्को मजदुरमा कूल मजदूर मध्ये ९० प्रतिशत तामाङ्गहरु संलग्न रहेका छन् । आर्थिक संकटले गर्दा कतिपय तामाङ्गहरु बैकल्पिक रोजगारीका लागि काठमाडौ, भारत, भूटान आदि ठाउँसम्म पुगेका छन् । यी बाहेक पर्म पनि गर्दछन् । तामाङ्गहरुले कृषिका लागि ८५ प्रतिशत श्रमको आपूर्ति पर्म प्रथाद्धारा पूरा गरेका छन् । यसका साथै यिनीहरुको न्यून अर्थतन्त्रलाई टेवा दिने महत्वपूर्ण श्रमशक्ति बालबालिकाबाट प्राप्त हुन्छ । त्यसैले तामाङ्ग बालबालिकालाई घरेलु अर्थतन्त्रलाई विविधिकरण गर्ने, ज्याला कमाउने काममा जान ठूला मान्छेहरुलाई स्वतन्त्रता दिने, बृद्धा अवस्थामा सुरक्षा दिने र काम सहज गर्ने शक्तिका रुपमा लिइन्छ । तामाङ्गहरु आफू साहुको भारी बोक्दासमेत छोराछोरीलाई बाटोमा आवश्यक पर्ने सामग्रीहरु साथै बोकाएर सँगै हिड्दछन् । ठूला मानिसहरु खेतबारीमा कामा जाँदा साना बालबालिकाहरु गाई, गोरु, भेडा, बाख्रा, भैंसी, गोठाला गर्दछन् (पूर्ववत्) ।

## २.४ अवधारणात्मक ढाँचा

यो अध्ययनमा सिन्धुपाल्चोक जिल्ला, गुन्सा गाविसमा बसोबास गर्ने तामाङ्ग जातिको सामाजिक, साँस्कृतिक र आर्थिक स्थितिसँग सम्बन्धित रहेको छ । यस अध्ययनको उद्देश्य अनुरूप निम्न अवधारणात्मक ढाँचालाई अनुसरण गरी अध्ययन गरिएको छ ।

**चित्र १: अवधारणात्मक ढाँचा**



# अध्याय – तीन
# अनुसन्धान विधि

यस अध्याय अन्तर्गत अध्ययनलाई विश्वसनीय तथा भरभर्दो किसिमले निष्कर्षमा पुग्नको लागि उपयोग गरिने विभिन्न अनुसन्धान विधिहरू जस्तै अनुसन्धान ढाँचा, अध्ययन क्षेत्र छनौट, नमुना छनौट विधि, तथ्याङ्क सङ्कलन गर्नको निमित्त प्रयोग गरिने विभिन्न विधिहरू (अन्तर्वार्ता, अवलोकन, सामुहिक छलफल), तथ्याङ्कको प्रकृति तथा स्रोत, आदिको उल्लेख गरिएको छ ।

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

तामाङ्ग जातिका मानिस काठमाडौं उपत्यका र यसका वरिपरिका जिल्लाहरूमा बसोबास गरे तापनि यिनीहरूको रहन सहन, सामाजिक, आर्थिक अवस्था पुरानै रहेको छ । खासगरी अन्य जातिहरूको तुलनामा तामाङ्ग जातिको आर्थिक स्थिति भने दयनीय तथा पिछडिएको अवस्थामा रहेको छ । यिनीहरूको सामाजिक स्थिति पुरानै अवस्थामा रहेको कारण विकासको उज्यालोले खासै छुन सकेको छैन । आधुनिकीकरणसँग आएको पश्चिमीकरण तथा सँस्कृतिकरणले कतिपय यिनीहरूका परम्परागत साँस्कृतिक तत्वहरू तथा रीतिरिवाजहरू लोप हुँदै गएका छन् ।

अनुसन्धान कार्यलाई मूर्तरुप दिन वा अध्ययन कार्यलाई क्रमबद्ध रुपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको छनौटको आवश्यकता पर्दछ । त्यसैले यस शोधको लागि अध्ययन क्षेत्रको रुपमा सिन्धुपाल्चोक जिल्लामा पर्ने गुन्सा गाविसलाई लिएको छ । उक्त गाविसलाई शोधकर्ताले छनौट गर्नुको पछाडि निम्न कारणहरू रहेका छन्:

- यो अध्ययन क्षेत्र समय, अर्थ तथा अन्य जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको लागि चिरपरिचित क्षेत्र भएकोले,

- उक्त गाविसमा तामाङ्ग जातिको बसोबासको बाहूल्य क्षेत्र रहेको र शोधकर्तालाई तामाङ्ग जाति तथा उनीहरुको सामाजिक तथा आर्थिक व्यवहारहरुको बारेमा अध्ययन गर्ने रुचि भएकोले हो ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययनमा वर्णनात्मक तथा आन्वेषणात्मक दुवै अध्ययन विधिको प्रयोग गरिएको छ । तामाङ्ग जातिको सामाजिक, सांस्कृतिक, आर्थिक र शैक्षिक अवस्थालाई वर्णनात्मक ढाँचामा जोड दिई प्रस्तुत गरिएको छ भने उनीहरुको घरपरिवार तथा समाजमा जिविकोपार्जनका लागि स्रोतसाधानहरुमा रहेको पहुँचहरुको अवस्थाको खोजी गर्न आन्वेषणत्मक ढाँचालाई प्रयोग गरी विवरणात्मक रुपमा प्रस्तुत गरिएको छ ।

## ३.३ जनसंख्याको आकार तथा नमुना छनौट

यस अध्ययनको लागि अध्ययन क्षेत्रको रुपमा सिन्धुपाल्चोक जिल्लाको गुन्सा गाविसलाई लिएको कारण उक्त गाविसमा रहेको सम्पुर्ण घरपरिवारलाई समग्रताको रुपमा लिइएको थियो । उक्त गाविसका वडा नं. २ लाई अध्ययनको लागि उदेश्य अनुरुप छनौट गरिएको छ । यसरी छनौट भएका वडामा रहेका सम्पूर्ण ७४ घरधुरी तामाङ जातिको रहेको छ (गाविस स्रोत, २०६७) । ती ७४ घरधुरीबाट ३५ घरधुरी उत्तरदाताहरु Random Sampling Method को प्रयोग गरी अध्ययनको निम्ति छनौट गरिएको छ । उत्तरदाताको रुपमा १६ वर्षभन्दा माथिका विवाहित/अविवाहित अथवा महिला/पुरुषहरु सबैलाई समेटिएको छ । यो उमेर समूहका उत्तरदाताहरु आफ्नो जातिको बारेमा जानकारी दिन सक्ने ठहर अनुसन्धानदातामा रहेका कारण उक्त उमेर समूहकोलाई मात्र रोजिएको हो । घरधुरी उत्तरदाता छान्दा सर्वप्रथम छनौटमा परेका वडाको सम्पूर्ण तामाङ

घरधुरीहरुको नाम लिष्ट संकलन गरियो र नामवली संकलनमा परेका सम्पूर्ण घरधुरीहरुबाट लिष्ट अनुसार पहिलो घरधुरीलाई घरधुरी उत्तरदाताको रुपमा लिई दोस्रो छाडियो । पुनः तेस्रो घरधुरी लिई चौथो छाड्दै सोही क्रम दोहार्याउदै आवश्यक घरधुरी  उत्तरदाताहरु लिइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकार र स्रोत

यस अध्ययनमा प्राथमिक तथा द्वितीय दुवै तथ्याङ्कको उपयोग गरिएको  छ । प्राथमिक स्रोत अन्तर्गत अनुसन्धानकर्ता स्वयं आफै अध्ययन क्षेत्रमा गएर विभिन्न तथ्याङ्क सङ्कलन गर्ने विधिहरू जस्तै अवलोकन, अन्तर्वार्ता, सामुहिक छलफल आदिको उपयोग गरी तथ्याङ्कहरूको सङ्कलन गरिएको छ । त्यसरी नै तामाङ्गहरू सम्बन्धी अध्ययन तथा अनुसन्धान गरी निकालिएका प्रतिवेदन, पुस्तक, लेख, तथ्याङ्क विभागको पुस्तिका आदिबाट द्वितीय तथ्याङ्कहरूको सङ्कलन गरिएको छ ।

अध्ययनलाई विश्वसनीय, भरपर्दो तथा स्तरीय बनाउनको निमित्त दुवै गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरूको पनि उपयोग आवश्यकता अनुसार गरिएको छ । उमेर, लिङ्ग, शैक्षिकस्तर, परिवार संख्या आदि जस्ता सांख्यिकीय तथ्याङ्कहरूका साथै सरसफाई, घरको अवस्था, घरको बनाबट, बोलीचाली आदि जस्ता गुणस्तरिय तथ्याङ्कहरू पनि अध्ययनमा उपयोग गरिएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययनलाई अग्रगति दिई विश्वसनीय निस्कर्षमा पुग्ने सिलसिलामा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्नको निमित्त निम्नप्रकारका तथ्याङ्क सङ्कलन विधिहरू उपयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्तासूची

अनुसन्धान एवं शोधकार्यका लागि व्यक्तिगत तथा घरधुरी प्रश्नावलीहरुको सुची बनाई अन्तर्वार्ता लिइएको थियो भने प्रश्नावली तयार गर्दा अर्धसंरचित र संरचित दुवै ढाँचाको प्रयोग गरिएको थियो । घरधुरी उत्तरदाताहरुको अनुकुल समय मिलाई प्रत्येक घरबाट एक/एक जना घरधुरी उत्तरदाताहरु समेटिने गरी जम्मा ३५ जनासंग अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताको लागि तामाङ्ग उत्तरदाताहरूको सामाजिक, आीर्थक पक्षसंम्बन्धी जानकारी समेटीने गरी सरल भाषामा तयार गरीएको प्रश्नावलीहरुको प्रयोग गरिएको थियो । प्रश्नावलीको नमूना अनुसूची-१ मा दिइएको छ ।

### ३.५.२ अवलोकन

अर्ध सहभागी अवलोकन विधिद्वारा अनुसन्धानकर्ताले क्षेत्र निरीक्षण तथा अन्तरर्वार्ता लिने क्रममा उत्तरदाताले दिएका सूचनाहरूको विश्वसनीयता जाँच गर्ने तथा सरसफाई, शारीरिक बनाबट, लवाई, व्यवहार, हाउभाउ, घरको बनाबट आदि जस्ता तथ्याङ्कहरूको सङ्कलन गरिएको छ । यस विधिद्वारा प्राप्त अन्तर्वार्ताबाट कतिपय तथ्याङ्कहरूलाई मूल्याङ्कन वा सत्यताको जाँच गरी पुनः अन्तर्वार्ता गरी अध्ययनलाई बढी विश्वसनीय बनाउन सहयोग पुगेको छ ।

### ३.५.३ मुख्य व्यक्तिसँगको अन्तर्वार्ता

हरेक उत्तरदाताहरूबाट लिइएको सूचनाको विश्वसनीयता जाँच गर्न तथा सामाजिक, साँस्कृतिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी बढी तथा विश्वसनीय सूचनाहरू सङ्कलन गर्नको निमित्त अर्थ सहभागी अन्तर्वार्ता विधिद्वारा गुन्सा गाउँका लामाहरूसँग नजीक भएका तथा कार्य गरिरहेका राजनीतिक पदाधिकारीहरू, शिक्षक, कर्मचारी, विभिन्न गैरसरकारी संस्थाका कर्मचारीहरू तथा

गाउँको मुखियासँग अन्तरक्रिया गरिएको छ । यस अन्तर्वार्ताद्वारा अध्ययनलाई बढी विश्वसनीय तथा गहन बनाउने विश्वास गरिएको छ ।

### ३.६ तथ्याङ्कको विस्लेषण तथा प्रस्तुतीकरण

विभिन्न अनुसन्धान विधिबाट सङ्कलित तथ्याङ्कहरूलाई पुनः अध्ययन क्षेत्रमा नै प्रशोधन गरिएको छ । प्रशोधित तथ्याङ्कहरूलाई प्रकृति तथा स्वभावको आधारमा विभिन्न समूहहरूमा विभाजन गरी आवश्यक सम्बन्ध साधारण तथ्याङ्का शास्त्रीय विधिहरू जस्तै प्रतिशत, frequency आदिको प्रयोग गरी तालिकामा प्रस्तुत गरिएको छ । तालिकीकृत गरिएपछि ती तथ्याङ्कहरूलाई विश्लेषण गरी विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### ३.७ अध्ययनको सिमा

यो एक स्नातकोत्तरको आंशिक आवश्यकता परिपूर्ति गर्नको निमित्त एउटा सानो क्षेत्रमा अध्ययन गरिने हुनाले यसको आफ्नै सिमाहरू छन्, जुन यस प्रकारका छन् ।

- यो अध्ययन तामाङ्ग जातीमा आधारित हुने हुनाले यसले अन्य जनजातिको विविध अवस्थालाई नझल्काउन पनि सक्छ ।
- यो अध्ययन सिन्धुपाल्चोक जिल्लामा बसोबास गर्ने सानो तामाङ्ग गाउँको आधारमा गरिएको हुनाले यसबाट निकालिएको निस्कर्ष अन्य ठाउँका तामाङ्गहरूको भन्दा नितान्त फरक पनि हुनसक्दछ ।
- यो एक विद्यार्थीले आंशिक आवश्यकता पूरा गर्नको निमित्त छोटो समय र नगण्य खर्चमा गरिने हुनाले यसले सम्पूर्ण पक्षहरूलाई नसमेट्न तथा सूक्ष्म अध्ययन नभएको पनि हुन सक्दछ ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

### ४.१ सिन्धुपाल्चोक जिल्ला एक परिचय

सिन्धुपाल्चोक जिल्ला एक ऐतिहासिक महत्व बोकेको जिल्ला हो । यो जिल्लाको नामकरण दुईवटा थुमहरु सिन्धु थुम र पाल्चोक थुम मिलि बनेको हो । नेपालको कुल क्षेत्रफलको १.७३% भूभाग र वाग्मती अंचलका ८ वटा जिल्लाहरु मध्ये सबभन्दा ठूलो जिल्ला, जसको क्षेत्रफल २५४२ वर्ग कि.मी रहेको छ । यो जिल्लाको अवस्थिती २७°२७' देखि २८°१३' उत्तरी अक्षांश र ८५°२७' देखि ८६°०६' पूर्वी देशान्तरसम्म फैलिएको छ । यो जिल्लामा ७९ गा.वि.स र १३ वटा इलाकाहरु रहेको हुन् । यो जिल्लाको पूर्वमा चीनको स्वशासित क्षेत्र तिब्बत र दोलखा जिल्ला, पश्चिममा काठमाडौं र नुवाकोट जिल्ला, दक्षिणमा काभ्रेपलान्चोक र रामेछाप जिल्ला र उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र रसुवा जिल्ला पर्दछ ।

सिन्धुपाल्चोक जिल्ला प्राचीनकाल देखि नै अस्थित्वमा रहेको जिल्ला हो । पौराणिक कथन एवं किवदन्ती अनुसार यहाँका हिमचुलीहरुमा पार्वतीले टेकेकी र खेलेकी थिइन् । सनातन नाउँकी ऋषिलाई पार्वतीले पुजा गरी दान दक्षिणा दिइएकी थिइन् । पार्वतीको ओठको छेउबाट पसिना खसेर सुनकोशी नदी बनेको भनाइ छ । कुनै बखत स्वर्गका राजा इन्द्र राजकाज छाडेर एक नदीको तिरमा तपस्या गर्न लागेका र राजा नहुँदा राजकाजमा वाधा परेकाले रानी इन्द्राणी आई राजा इन्द्रलाई फर्काएर लगेकी थिइन् । राजा इन्द्रले तपस्या गरेको हुनाले उक्त नदीको नाम इन्द्रावती रहन गएको हो भन्ने भनाई पाइन्छ । हिमाली क्षेत्र पाँच पोखरीमा विश्वमित्रले तपस्या गरी बस्ने गर्दथे । यसै हिमाली क्षेत्रमा अर्का ऋङ ऋषि तपस्या गरी बस्ने गर्दथे । एक पटक नारद ऋषि भेट्न आउँदा ठण्डीले गर्दा नुहाउन अप्ठ्यारो भएकोले ऋषिले तातोपानीको धारा खोलिदिएका थिए भन्ने भनाइ रहेको छ । हेलम्बु माथि एउटा ढुकु नामको स्थान छ । यो महादेवले विश्वकर्म गरेको आरन कुण्ड हो भन्ने भनाइ छ ।

सिन्धुपाल्चोक लिच्छवीकालदेखि नै कान्तिपुर (काठमाडौं) को अधिनमा थियो । मल्लकालमा पनि कान्तिपुर राज्य अन्तर्गत पर्दथ्यो । एकीकरण अभियानमा थापाहरुको महत्वपूर्ण योगदान रहेकोले हुनाले सिन्धुपाल्चोकको रेखदेख थापाहरुले पाएका थिए । तिब्बततर्फ आवतजावत गर्ने बाटो सिन्धुपाल्चोक नै पर्दथ्यो । रणबहादुरको पालामा रानी राजराजेश्वरीलाई निर्वासित गरिएको हेलम्बु सिन्धुपाल्चोक कै महत्वपूर्ण ठाउँ हो । राणाकालमा राणा प्रधानमन्त्री जंगबहादुर राणाले (तिब्बत) भोटसँग युद्ध गर्न बनाइएको दुगुना गढी यसै जिल्लामा पर्दछ ।
सिन्धुपाल्चोक जिल्ला प्राकृतिक रुपमा पनि कम महत्वको छैन । यहाँ जंगल लगायत विभिन्न हिम टाकुराहरु पर्दछन् । पाँचपोखरी, भैरबकुण्ड, सूर्यकुण्ड, धुपकुण्ड, जस्ता तालपोखरीहरु छन् । भोटेकोशी, इन्द्रावती, बलेफी, मेलम्ची, सिन्धुखोला, गोहोरेखोला, भ्याँडीखोला, हाँडीखोला, महादेवखोला जस्ता नदीहरु छन् । जरायोटार, भीमटार, महांकाल, ग्याल्थुम, मेलम्ची जस्ता टारबेसीहरु छन् । साल सिसौ, चाँप, लाँखुरी, उतिस, चिलाउने, कटुस, पिपल, गुराँस सल्ला जस्ता रुख विरुवाहरु पाइन्छ (सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र, २०६७) ।

## ४.२ गुन्सा गाविसको भौगोलिक स्थिति

सिन्धुपाल्चोक जिल्लामा रहेका ७८ गाविसहरूमध्ये गुन्सा गाविस पनि एक हो । यो गाविस जिल्ला सदरमुकाम चौताराबाट करिब ३० कि.मि. टाढा रहेको छ । यो गाविस समुद्री सतहबाट १७२५ फिट देखि ३४०० फिटसम्मको उचाइमा रहेको छ । नेपालको मात्रचित्रमा यस गाविसको फैलावट २७ डिग्री ५४ सेकेण्ड उत्तरी अक्षांशदेखि ८५ डिग्री ३९ मिनेट ३० सेकेण्ड पूर्व देखि ८५ डिग्री ४३ मिनेट ३० सेकेण्ड पूर्व देशान्तरमा अवस्थित छ । यस गाविसको कुल क्षेत्रफल २४.१९ वर्ग किलोमीटर रहेको छ । यस गाविसको पूर्वमा गोल्चे गाविस, पश्चिम र उत्तरमा थाङपालकोट गाविस, र दक्षिणमा भोटेनाम्लाङ गाविस र थाङपालकोट गाविस कै केही भाग पर्दछन् (गाविस पार्श्वचित्र, २०५७) ।

## ४.३ गुन्सा गाविसको जनसंख्या

यस गाविसको जनसंख्या जम्मा २६५९ मध्ये पुरुष १४०८ र महिला १२५१ रहेका छन् । यहाँको जम्मा घरपरिवार संख्या ५१७ मात्र रहेको छ । वडागत आधारमा यस गाविसमा रहेका जनसंख्यालाई निम्न तालिका ४.१ मा देखाइएको छ ।

**तालिका ४.१: वडागत आधारमा जनसंख्या विवरण**

| वडा नं. | घर परिवार संख्या | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ४४ | १२१ | ९६ | २१७ |
| २ | ७४ | २२७ | १८३ | ४१० |
| ३ | ७६ | १७९ | १८९ | ३६८ |
| ४ | ६२ | २३७ | १७८ | ४१५ |
| ५ | ६८ | २२६ | १९० | ४१६ |
| ६ | ३८ | ७८ | ७२ | १५० |
| ७ | ४६ | १२९ | ११४ | २४३ |
| ८ | ६७ | १५९ | १७२ | ३३१ |
| ९ | २५ | ५२ | ५७ | १०९ |
| जम्मा | ५१७ | १४०८ | १२५१ | २६५९ |

स्रोत: गाविस, २०६७

तालिका ४.१ को अनुसार सबैभन्दा बढी जनसंख्या तथा घर परिवार संख्या वडा नं. ५ र ३ मा रहेका छन् भने सबैभन्दा कम परिवार संख्या तथा जनसंख्या वडा नं. ९ मा मात्र रहेको छ। पुरुष तथा महिलाको वितरण अनियमित किसिमको छ।

## ४.४ जाति/जनजाति

यस गाविसको कुल जनसंख्याको ती चौथाई भन्दा बढी जनसंख्या तामाङको भए तापनि कामी र नेवार पनि यहाँका मुख्य जातिहरु हुन् । कुल जनसंख्या २६५९ मध्ये तामाङ २५०६ रहेको छ भने कामीको ८८ र नेवारको ६५ जना जति घरधुरी जनसंख्या रहेको छ । वडा नं. २ मा भने जम्मा जनसंख्याको सम्पूर्ण हिस्सा तामाङ्गहरूको मात्र रहेका छन्

## ४.५ हावापानी र वातावरण

यो गाविसमा लेकाली हावापानी पाइन्छ । यहाँ गर्मीमा १५ डिग्रीदेखि ३० डिग्री सेल्सियस र जाडोमा सरदर शुन्य डिग्री सेल्सियस हुने गरेको पाइन्छ । यसको माथिल्लो भागमा हरिया डाँडाहरू छन् जहाँ गर्मीमा पनि गर्मी हुँदैन भने जाडोको समयमा हिउँ पनि पर्ने गर्दछ । यहाँ वर्षा ऋतुमा बङ्गालको खाडीबाट आएको मौसमी वायु हिमालयमा ठक्कर खाई यहाँको चिसो वायुसँग मिली वर्षातको बेला प्रशस्त पानी पर्ने गर्दछ ।

## ४.६ वनजंगल तथा वन्यजन्तुहरू

यस गाविसमा अग्ला होचा धेरै डाँडाहरू, वनजंगलले ढाकेका छन् । धरातलीय विविधता तथा हावापानीमा पनि पाइने केही फरकले गर्दा यहाँ पाइने वनस्पतिहरूमा पनि विविधता पाइन्छ । जस्तै लेकमा उत्तीस, चिलाउने, बकाइनो, कटुस, गुराँस, सल्ला आदि बोटविरुवाहरू पाइन्छन् भने तल्लो फाँटमा उत्तिस, पैंयु, लप्सी जस्ता विभिन्न प्रकारका वनस्पतिहरू पाइन्छन् । विभिन्न जाति र प्रजातिका वनस्पतिहरूले ढाकिएका जंगलहरूले यस गाविसलाई तीन तिरबाट घेरेको छ । गाविस र जनताहरूको सक्रियतामा संरक्षण गरिएका थुप्रै सामुदायिक वनहरू यहाँ रहेका छन् ।

यस गाविसमा घरपालुवा तथा जंगली गरी विभिन्न प्रकारका जन्तुजनावरहरू पाइन्छन् । जंगली जनावरमा स्याल, खरायो, स्याल, वनबिरालो, मलसाँप्रो, दुम्सी, बाघ, चितुवा, मृग, सालक, काठेभालु आदि पाइन्छन् भने घरपालुवामा गाई, भैंसी, बंगुर, बाखा, भेडा आदि पाइन्छन् । त्यसैगरी जंगली पंक्षीहरूमा जुरेली, कालिज, न्याउली, जंगली ढुकुर, तित्रा, बाज, चिल, लाटोकोसेरो, भँगेरा, चिबे, फिस्टो, चाँचर, काग, सुगा, बट्टाई, भ्याकुर, मलेवा, लामपुच्छ्रे, धोबी आदि पाइन्छन् भने घरपालुवा पंक्षीहरूमा हास, कुखुरा, परेवा आदि पाइन्छन् ।

# अध्याय - पाँच

# तामाङ्ग जातिको सामाजिक-सास्कृति तथा आर्थिक अवस्था

तामाङ्ग जातिको सम्पूर्ण सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाका बारेमा स्थलगत सर्भेक्षणको आधारमा प्राप्त तथ्याङ्कलाई समावेश गरी प्रस्तुत गरिएको छ । जस अन्तर्गत तामाङ्ग जातिको बसाईको अवस्था, परिवारको किसिम, परिवारिक जनसंख्याको विवरण, पेशा, शिक्षाको अवस्था, सामाजिक संगठनहरु र अन्य जातिसँगको सम्बन्ध तामाङ्गहरुले मनाउने मुख्य चाडपर्वहरु, जिवनकालमा गरिने विभिन्न संस्कारहरु, प्रयोग गर्ने विभिन्न बाजागाजा, साधनहरु, र उनीहरुको आर्थिक पक्ष जस्ता कुराहरुलाई यस अध्ययमा प्रस्तुत गरिएको छ ।

## ५.१ सामाजिक अवस्था

तामाङ्ग जातिको बसाई, पारिवारिक विवरण, स्वास्थ्य शिक्षा, संगठन आदि जस्ता कुराहरुको यस उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

### ५.१.१ परिवारको किसिम

सिन्धुपाल्चोक जिल्ला गुन्सा गाविस २ मा बसोबास तामाङ्गहरुको परिवारको किसिम (संयूक्त र एकल) लाई तालिका ५.१ मा देखाइएको छ । स्यापसाङ गाउँमा रहेका ७४ घरधुरीहरु मध्ये छनौट गरिएका ३५ घरधुरी उत्तरदाताहरुको परिवारको किसिम निम्न अनुसार छ ।

**तालिका ५.१ : घरधुरी उत्तरदाताहरुको परिवारिक किसिम**

| परिवारको किसिम | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| संयूक्त | १९ | ५४.२ |
| एकल | १६ | ४५.७ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

तालिका ५.१ अनुसार अध्ययन क्षेत्रका तामाङ्गहरुको परिवारको किसिममा पनि आधुनिकीकरणको खासै प्रभाव भने परेको देखिदैन । किनभने जम्मा ३५ घरपरिवारहरुमध्ये अधिकांश (५४.२%) घरधुरीहरु परम्परागतअनुसारकै संयुक्त परिवारिक ढाँचामा रहेको पाइन्छ । एकल परिवारहरु भने ४५.७ प्रतिशत मात्र रहेको छ ।

### ५.१.२ उमेर र लैगिंक अवस्था

अध्ययनको निमित्त छनौट गरिएका कुल ३५ तामाङ घरधुरी जनसंख्यालाई लिंग र उमेरको आधारमा ०-५ बर्ष, ६-१५ बर्ष, १६-४० बर्ष, ४१-६० बर्ष र ६०- बर्ष भन्दा माथिका समुहरुमा विभाजन गरी तालिका ५.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.२ः उमेर र लिंगको आधारमा घरधुरी जनसंख्याको वितरण**

| उमेर समूह | महिला | पुरुष | जम्मा (%) |
|---|---|---|---|
| ०-५ | २५ | ३१ | ५६ (२५.०) |
| ६-१५ | २३ | २० | ४३ (१९.१) |
| १६-४० | ४१ | ३९ | ८० (३५.७) |
| ४१-६० | १५ | १७ | ३२ (१४.२) |
| ६१- भन्दा माथि | ७ | ६ | १३ (५.८० |
| जम्मा | १११ | ११३ | २२४ (१००.०) |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

तालिका ५.२ अनुसार अध्ययन क्षेत्रका तामाङ्ग घरधुरीहरुमा पुरुषहरुको संख्या महिलाको भन्दा थोरैले धेरै (०.९ प्रतिशत) मात्र रहेको स्पष्ट हुन्छ । जहाँ पुरुषको संख्याले ५०.४ प्रतिशत ओगटेको छ भने महिलाहरुले जम्मा संख्याको ४९.५ प्रतिशत स्थान ओगटेका छन् ।

त्यसैगरी सोही तालिका ५.२ मा सबै भन्दा बढी घरधुरी जनसंख्यामा तरुण अवस्था (१६-४० बर्ष) का मानिसहरुले ओगटेको देखिन्छ । यस समूहका मानिसहरुले ३५.७ प्रतिशत स्थान ओगटेका छन् । ०-५ बर्ष समूहका बच्चाहरुले एक चौथाई स्थान (२५.०%) ओगटेका छन्, जसबाट यहाँको जनसंख्याको बृद्धी उच्च रहेको अनुमान लगाउन सकिन्छ । जस्तै ६-१५ बर्ष समूहका जनसंख्याले १९.१ प्रतिशत अथवा तेश्रो स्थान ओगटेका छन् भने ४१-६० वर्ष उमेर समूहले १४.२ प्रतिशत स्थान ओगटेका छन् । ६१ तथा सो भन्दा माथिका समूहले ५.८ प्रतिशत ओगटेका छन्, जसबाट यस स्थानका मानिसहरुको औषत आयू कम भएको अड्कल गर्न सकिन्छ ।

### ५.१.३ वैवाहिक स्थिति

विवाह एक महत्वपूर्ण सामाजिक संस्था हो जस्ले मानिसहरुलाई जैविकीय सन्तुष्टिका साथै मानिसको जिवनमा स्थायित्व तथा परिपक्वता प्रदान गर्दछ । तालिका ५.३ मा तामाङ घरधुरी जनसंख्याको वैवाहिक स्थितिलाई देखाइएको छ ।

**तालिका ५.३ : घरधुरी जनसंख्याको वैवाहिक स्थितिको वितरण**

| **विवरण** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|
| अविवाहित | १४१ | ६२.९ |
| विवाहित | ७६ | ३३.९ |
| बिधवा/बिदुर | ७ | ३.१ |
| जम्मा | २२४ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

तालिका ५.३ अनुसार जम्मा २२४ घरधुरी जनसंख्याहरुमध्ये ६२.९ प्रतिशत अविवाहित तथा ३३.९ प्रतिशत विवाहित छन् । त्यसैगरी ३.१ प्रतिशत बिधवा/बिर

रहेको प्रष्ट हुन्छ । आधुनिकीकरणको प्रभावले ढिलो विवाह गर्ने प्रचलनमा बृद्धि हुँदै गएको कुरा पनि अविवाहितहरुले ओगटेको दुई तिहाई अंशले प्रष्ट पार्दछ ।

### ५.१.४ शैक्षिक स्थिति

शिक्षा विकाको मुख्य बाहन हो । यसले मानिसको जिवनका प्राय सै पक्षहरु जस्तै चेतना, स्वास्थ्य, जिवन पद्धति आदि जस्ता पक्षहरुमा आमूल परिवर्तन ल्याउन सक्तछ । अधययन क्षेत्रका तामाङ्गहरुको शिक्षाको अवस्थालाई निरक्षर, साक्षर, निम्न माध्यमिक, माध्यमिक र उच्च शिक्षा जस्ता समूहमा वितरण गरि तालिका ५.४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.४ : शैक्षिक स्थितिको आधारमा घरधुरी जनसंख्याको वितरण**

| शैक्षिक स्थिति एवं तह | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८० | ३५.७ |
| साक्षर | ६४ | २८.५ |
| निम्न माध्यमिक तह | ४४ | २४.५ |
| माध्यमिक तह | २५ | ११.१ |
| उच्च माध्यमिक तह वा सो भन्दा माथि | ११ | ४.९ |
| जम्मा | २२४ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

तालिका ५.४ अनुसार कुल घरधुरी जनसंख्याका निरक्षर हुनेहरु ३५.७ प्रतिशत रहेको स्पष्ट हुन्छ । साक्षरहरुको संख्या भने ६४ (२८.५%) जना मात्र रहेको छ भने निम्न माध्यमिक तहको अध्ययन पुरा गर्नेहरुको संख्या ४४ (२४.५%) जना रहेको छ । जम्मा जनसंख्याको २५ (११.१%) जनाले मात्र माध्यमिक तहको अध्ययन

गरेका छन् भने सबैभन्दा थोरै ४.९ प्रतिशतले उच्च माध्यमिक तहको शिक्षा हासिल गरेको देखिन्छ । यसबाट के देखिन्छ भने अध्ययन क्षेत्रका तामाङ जातिहरुको शैक्षिक स्थिति निम्न स्तरको रहेको प्रमाणित हुन्छ जहाँ एकजना पनि स्नातक वा सो सम्मको अध्ययन पुरा गर्नेहरु रहेका छैनन् ।

### ५.१.५ खानेपानीको अवस्था

अध्ययन गरिएको क्षेत्रको खानेपानीको श्रोत भएको स्थान मानिन्छ । तामाङ्गहरुको खानेपानी सुविधा अनुसारको वितरण तालिका ५.५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.५ : खानेपानीको सुविधा अनुसारको घरधुरी वितरण**

| खाने पानीको श्रोत | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नो नीजि धारा भएको | १५ | ४२.८ |
| सार्बजनिक धारा | २० | ५७.१ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

### ५.१.६ शौचालय वा चर्पीको अवस्था

अध्ययन गरिएको स्थान एक दर्गम गाउँ भए तापनि यहाँ चर्पी नभई खुल्ला दिशापिसाव गर्नेहरुको संख्या पनि उल्लेखनिय रहेको पाइयो । घरधुरीहरुमा चर्पी हुने र चर्पी नबनाई बाहिर दिशापिशाव गर्ने आधारमा तालिका ५.६ मा देखाइएको छ ।

**तालिका ५.६ : चर्पी भए-नभएको आधारमा घरधुरीको वितरण**

| **चर्पीको अवस्था** | **जम्मा संख्या** | **प्रतिशत** |
|---|---|---|
| चर्पी हुने | १२ | ३४.२ |
| चर्पी नहुने | २३ | ६५.७ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

तालिका ५.६ ले अध्ययन गरिएको ३५ तामाङ घरधुरीहरुमध्ये १२ घरहरु (३४.२%) मा मात्र चर्पी भएको पाइयो भने अधिकांश घरधुरी जनसंख्याहरु (६५.७%) मा चर्पी नभएको देखाउदछ । यसबाट गाउँका तामाङ्गहरु आधुनिक स्वास्थ्यसम्बन्धी सजग तथा चेतनशील नभएको प्रमाणित हुन्छ ।

चर्पी भएका १२ घर परिवारहरुलाई चर्पीको किसिम (बैज्ञानिक/आधुनिक र साधारण) को आधारमा वितरण गर्दा १० घरहरु (८३.३%) मा आधुनिक (पक्की) चर्पीहरु रहेको छ भने बाँकी २ घरहरु (१६.६%) मा साधारण चर्पी वा खाल्डे चर्पीको प्रयोग गर्ने गरेको पाइयो । यसरी चर्पी हुने कम भई जथाभावि दिशापिशाव गर्नेहरु बढी भएकाले नै गर्दा यस क्षेत्रमा झाडा पखाला तथा आउँ जस्ता सरुवा रोगहरुको बढी प्रकोप भएको उत्तरदाताहरु बताउछन् ।

### ५.१.७ जातिगत सामाजिक संगठन र अन्य जातजातिसँगको संम्बन्ध

यस स्थानमा बसोबास गर्ने तामाङ्गहरुको कुनै पनि किसिमको वैधानियक वा औपचारिक संगठन रहेको पाइएन । यस स्थानमा बस्ने तामाङ्गहरुको एउटा गुठी छ जसले सम्पूर्ण तामाङ्गहरुलाई एकता गराई समाजमा मर्दा तथा साह्रो गाह्रो पर्दा र विहेवारी गर्दा एक आपसमा सहयोग गर्ने वा सामुहिक रुपले कार्य गराउने गरेको

पाइयो । यस्ता कार्यहरु गर्न आर्थिक तथा पारिश्रमिक सहयोग जुटाउन यस गुठीले भूमिका खेल्ने गरेको पाइयो ।

अध्ययन क्षेत्रका तामाङ जातिहरुको मुख्य पेशा कृषि र पशुपालन हो । यहाँका तामाङ्गहरुले कृषिको अलावा डोको, नाम्लो, नाङलो, डोरी, कुचो, आदि जस्ता आवश्यक बस्तुहरु वरपरका ब्राम्हण, क्षेत्रीलाई बेच्ने गर्दछन् । त्यसैगरी यिनीहरु कतिपय अन्नबालीको लागि अन्य गाविसको ब्राम्हण, क्षेत्रीसंग निर्भर रहेको पाइयो । आफ्नो उत्पादनले वर्षभरी खान नपुग्ने हुनाले धेरै जसोले तल्लो गाउंका क्षेत्री ब्राम्हणहरुकोमा परिश्राम गर्ने, शहरमा भरियाको कार्य गर्ने गरेको पाइयो । त्यस्तै यिनीहरु फलामका सामानहरुको लागि कामी, लुगा सिलाउन दमाई तथा मुडा र छालाको सामानको लागि सार्कीसंग व्यवहार गर्ने गरेको पाइयो । यसरी विभिन्न जातिहरुसंग कामको आधारमा सम्बन्ध रहेको पाइयो ।

### ५.१.८ समाजमा महिलाको अवस्था

तामाङ्ग समुदायमा महिलाहरुको स्थान पुरुषको तुलनामा उच्च नै रहेको देखियो । अधिकांश महिलाहरु घरेलु कामकाज जस्तै खेतीपाती, खाना बनाउने, गाईबस्तु हेर्ने, घांसपात गर्ने, वनजंगलबाट दाउरा संकलन गर्ने, जाँड रक्सी बनाउने जस्ता कार्यहरुमा अधिक समय संलग्न रहने गरेको पाइयो । आर्थिक कारोवार तथा बाहिरी कारोवारमा पुरुषहरुकै हात प्रमुख रहेको भए तापनि घरयासी कार्यमा महिलाहरुको निर्णयाक भूमिका देखिन्छ । आम्दानीको सम्पुर्ण हिस्सा महिलाहरुद्धारा प्रयोग गरी सरसापट, अैचोपैचो आदिमा महिलाहरुले नै गरेको बढी देखिन्छ । शैक्षिक क्षेत्रमा भने पुरुषहरु महिला भन्दा माथि रहेको पाइयो । तर, तामाङ महिलाहरु बाहिर हिड्डुल गर्ने कार्यमा बढी नै स्वतन्त्र रहेको छ । विवाह पश्चात छोरीलाई सम्पत्ति दिने केही चलन पनि रहेको छ ।

## ५.२ सांस्कृतिक अवस्था

अध्ययन क्षेत्रका नमुना छनोटमा परेका तामाङ जातिको साँस्कृतिक अवस्थालाई उनीहरुको भनाईअनुसार यस उपशिर्षकमा सविस्तार विश्लेषण गरिएको छ ।

### ५.२.१ तामाङ जातिको सामाजिक संस्कारहरु

**(क) जन्म संस्कार (न्वारन)**

जन्म संस्कारलाई तामाङ्गहरु 'थाप्साङ' भन्दछन् । यस क्षेत्रका तामाङ्ग जातिका नवजात बच्चाहरुको न्वारन साधारणतय ३ दिनमा गरिन्छ । यहाँका तामाङ्गहरु शिशु जन्मेपछि आमा र बच्चा दुवैलाई चिसो पानीले नुहाउने गर्दछन् । त्यसपछि घरको हावा नलाग्ने कुनामा परालको विछयौनामा न्वारन नगरुन्जेल अलग्गै राखिन्छ । न्वारन हुने दिन विहान घर लितपोत गरिन्छ । त्यसपछि शिशुको बाबुले सबैभन्दा पहिले शिशुलाई नुहाई दिन्छ । दर्शन ढुङ्गालाई आगोको भुङ्गोमा तताइन्छ अनि हाडीमा तितेपाते, घैया, चिलाउनेको हाङ्गा, आदि राखिन्छ र नवशिशुलाई हाँडीमा रहेको ढुङ्गाको वाफ दिइन्छ र परिवारका अन्य सदस्यले पनि पालैपालो वाफ लिने गर्दछन् । त्यसपछि घरभित्र बाहिर आमा बच्चा सबैलाई सुनपानी छर्कन्छन् । सुनपानी छर्केपछि चोखो भएको मानिन्छ । त्यसपछि सुत्केरीले सबैलाई छुन हुने, शुभकार्य, खेतीपाती गर्ने गर्दछन् । न्वारन गर्दा लामाको जरुरत पर्दैन । कुल कुतुम्बलाई बोलाउने पनि गर्दैनन् । तर सुत्केरीलाई भेट्न आउनेहरुलाई कुखुरा काटी सुत्केरी लाई छुट्टयाएर बाँकी प्रसादको रुपमा सबैलाई जाँड रक्सी सँग दिने गर्दछन्।

**(ख) नामाकरण संस्कार**

तामाङ समुदायमा न्वारनका अवसरमा नामाकरण गर्ने प्रथा सरल छ । विशेष गरेर छोराको नाम जन्मेको बारको आधारमा रहेको पाइन्छ । जस्तो आईतबार जन्मेको

लाई आइते, सोमबार जन्मेकोलाई सोम बहादुर, सोनम सिंह, मंगलबार जन्मनेलाई मंगल बहादुर, बुधबार जन्मेकोलाई बुद्ध बहादुर, बुद्धसिंह र शुक्रबार जन्मेकोलाई शोभितमान राखिन्छ । त्यस्तै शनिबार जन्मेकोलाई शन्तबहादुर नाम राखिन्छ । यदि छोरी जन्मेको भए क्रम अनुसार जेठी, माईली, साँइली, कान्छी जस्ता नामहरु राखिन्छ । लामाद्वारा ज्योतिष विधिबाट नाम राख्दा नाम राखे वापत केहि भेटी ( पैसा) र एकमाना चामल दिइन्छ । तल्लो जातको नाम विशेषले बोलाउँदा भुत प्रेतले दुःख दिंदैन भन्ने विश्वास यिनीहरुमा रहेको छ ।

### (ग) बुढो अन्न प्रासन

यहाँ तामाङहरुमा बालकलाई अन्न प्रासन (पास्नी) संस्कार गराउने गरेको पाईदैंन तर बुढो अन्न प्रासन भने गरेको पाईन्छ । तामाङ जातिमा वृद्ध अवस्थामा दाँत झरेर नयाँ दाँत उम्रेमा अन्न प्रासन गर्ने चलन छ । अन्न प्रासन गर्दा वृद्ध व्यक्तिलाई नयाँ कपडा लगाई दिने कुल कुतुम्बहरुलाई निमन्त्रणा गर्ने र भात, दुध, दहि, घ्यू, गेडागुडी मिठा मिठा खाना घरपरिवारका सदस्यहरुले खुवाउने र निम्तालुहरुले पनि पालैपालो आफ्नो हातले खाना खुवाउने गर्दछन् ।

### (घ) छेवर

छेवर भनेको छोराको ३ देखि ७ वर्षको उमेरमा कपाल काट्ने संस्कार हो । यसलाई तामाङ भाषामा “स्यामापिन्वा” भनिन्छ । केहिले विजोड वर्ष पारी ९-११ वर्षमा पनि गर्दछन् । बच्चाको छेवरमा मामाको प्रमुख भुमिका वा अनिवार्य उपस्थिति हुनुपर्दछ । त्यसैले छेवरलाई मामामुखी संस्कार पनि भनिन्छ । आफ्नो साख्य मामा नभए नजिकको मामा भए पनि डाकिन्छ । छेवर कर्म नभएसम्म अरु कर्म गर्न सकिन्न ।

लामाद्वारा साईत हेरेपछि छेवर गर्ने निश्चित दिन तोकिन्छ । यो शुभकार्यको खबर सबैभन्दा पहिले मामा कहाँ पठाइन्छ । खबर पठाउँदा साथमा सगुन (स्याल्गार, वोङ) चिउरा, बावर (रोटी), सेल, रक्सी कुखुरा लिएर जानुपर्छ । मामाहरु एउटै परिवारमा भए एउटै सगुनले पुग्छ । यदि मामाहरु भिन्न भई बसेका भए सगुन पनि प्रत्येक मामालाई छुट्टाछुट्टै लैजानुपर्छ । छेवरमा मामाले विशेष तयारीका साथ भान्जाका लागी उपहारहर कपाल काट्ने छुरा, टोपी, सेतो फेटा, कपाल पोको पार्ने रुमाल, थाल, एक जोर नयाँ कपडा, खुड्कुलो, भेटी, सेलरोटी, पकाएको मासु अनिवार्य रुपमा ल्याउनु पर्छ । भान्जाको घर पुग्नु अगावै मामाको स्वागतको लागि बाटैमा सगुन र डम्फुरे तयार पारिएको हुन्छ । मामा पुग्नासाथ बतामाङ सेलो डम्फुरे बजाएर स्वागत गर्दछन् । मामालाई स्वागत गरेपछि भान्जाको आमा बाबुले सगुन राख्दछन् र ढोगभेट गर्दछन् । ढोगभेटको काम सकिएपछि मामालाई बोकेर भान्जाको घरमा लेराइन्छ । र छेवर कार्य बुढापाका, मान्यजन, लामा पुर्ख्यौली जान्ने (ताम्बा), समाजको मुख्य व्यक्तिबाट गरिन्छ । छेवर कार्यका लागी आँगनमा लितपोत गरेर पैयुँको हाँगा गाडेर चारकुने आकारमा मण्डप बनाएको हुन्छ । दहि, चामल अविर मुछेर टिका बनाइन्छ । ठूलो पातको टपरीमा धान चामल राखिन्छ । त्यस छेउमा सेलरोटी, मासु, गेडागुडी, तरकारी, तारेको अण्डा, फलफुल राखिन्छ । यस मण्डपमा लामाले पाठ पढ्ने कार्य गर्दछ र ठिक साईतमा मामाले नयाँ छुरीबाट भान्जाको केश काट्ने गर्दछ र भान्जाकोम दिदी बहिनीले मामाले काटेको केशलाई भुइँमा झर्न नदिई थापेर चोखो ठाउँमा सेलाउछन् । छेवरको दिन मामाले केश काट्न अलिकति छोड्ने गरिन्छ । त्यो छोडेको केशलाई १५ दिन पछाडि लामालाई काट्न लगाउँछन् । यसलाई टाप्चे भनिन्छ । यसपछि बालकले बुद्ध धर्मको शरणमा प्रवेश गर्दछ । तामाङहरुले टाप्चे गरेपछि काटमार, हिंसा गर्नु हुँदैन भन्ने विश्वास गर्दछन् । मामाले केश काटी सकेपछि इस्तमित्र, पाहुनापासाहरुलाई भोज खुवाईन्छ । भोजमा चिउरा, सेलरोटी, कुखुरा, राँगाको मासु, जाँड रक्सी

दिइन्छ । मामा पक्षका र भान्जा पक्षका बीच डम्फु गीतको जुहारी चल्दछ । रातभरि नै नाचगान चल्दछ ।

**(ङ) मृत्यु संस्कार**

तामाङ समाजमा आफ्नै किसिमको मृत्यु संस्कार पाईन्छ । तामाङ जातिमा मृत्यु संस्कार संपूर्ण काम लामाद्धारा गराइन्छ । तामाङ समाजमा कसैको घरमा मृत्यु भएमा सबै गुठियार आफन्तहरु त्यस घरमा भेला हुन्छन् । लामाले विधिपुर्वक शास्त्र पढेपछि लाशलाई कात्रोले बेरी पानी खुवाइन्छ । लामाले निगालोमा सेता कपडा बेरेर बनाइएको झण्डा र मरेको मान्छेको बारेमा विधि विधान लेखिएको नेपाली कागज वा सेतो कपडा जसलाई 'लुङदर' भनिन्छ । यसलाई धुर्सा (चिहान) मा लगिन्छ । तामाङहरुको धुर्सा (चिहान) डाँडामानै बनाइन्छ र लामाको विधिअनुसार तेल घिउ राखी जग्गे दिने गरिन्छ र मृतकको जेठो छोराले लाशमा आगो राखी जलाइन्छ । मृतकको ज्वाइले अस्तु (मृतकको सानो हाडको टुक्रा) ल्याई हाँडीभित्र राखी, मृतकको लुगाफाटा पोको पारी सँगै राखिन्छ । मृतकको घरमा जे खानेकुरा पाक्छ सोही कुरा अस्तुलाई चढाइन्छ । छोराहरुले कपाल खौरी किरिया बस्छन् । लामाले 'ङो' (मृतकको आत्मालाई खुवाउने काम) गर्दछ ।

'ङो' गर्दा चामल भेटी राखेर चढाउने गरिन्छ । तेह्र दिनपछि फेरी ङो गरिन्छ । घेवा कहिले गर्ने भनी गुठीयार, आगन्तुक सबैलाई भेला गराई ग्रोही घ्याङ (जाँड, तरकारी, अचार) खुवाइन्छ र त्यसैदिन घेव ागर्ने दिन तोकिन्छ । प्रत्येक गुठीयारले घेवाका लागी तोकिए बमोजिम चामल र मकै लेराउँदछन् । ग्रोही घ्याङको दिमा गौराई (घेवामा खाना पकाउने खुवाउने व्यक्ति) कटक्वा (घेवा गर्दा लामालाई आवश्यक सामाग्री उपलब्ध गराई सहयोग गर्ने) तोकिन्छ । लामाको आवश्यक विधि पश्चात् ज्वाईले मृतकको अस्तु खोलामा बगाउने काम गर्दछन् र

आवश्यकता अनुसार कपडा भाँडाकुडाँ अन्य सामानहरु मृतकको नाममा दान गरिन्छ ।तामाङ समाजमा मरेको १३ दिन देखि २ महिना भित्रमा घेवा गरिन्छ । तामाङ जातिमा मृत्यु भएमा जुठो वार्ने चलन पाइन्छ । जुठो बार्दा नुन खानु हुँदैन, खेतीपाती, शुभकार्य गर्नुहुँदैन । किरिया बस्नेले नेपाली कुरा घेवा नगरुन्जेल बोल्नु हुँदैन । मृत्यु संस्कारमा घेवा प्रमुख विधि हो । घेवा गर्दा लाशलाई जलाउँदा खैजडी, ढ्याङग्रो, कलाट, सतनाई भुजेल (झ्याली) बजाउँदछन् । घेवा गर्दा लामालाई एकमुरी चामल, एकमुरी मकै, भाँडाकुँडा बजाउने बस्तु, कलाट, झ्याली, नरसिङ बाजा दान गरिन्छ ।

### ५.२.२ प्रमुख चाडपर्वहरु

अध्ययन क्षेत्रका तामाङ जातिहरुले पनि खासगरी नेपालमा मनाइने प्रमुख चाडपर्वहरुलाई नै आफ्नो चालचलन अनुसार मान्ने गरेको पाइयो जुन यस प्रकार रहेको छ ।

**(क) दशैं पर्व**

तामाङ समाजमा दशैं पर्व हिन्दुहरुले जस्तै मनाउने गर्दछन् । दशैंमा परिवारका सबै सदस्यहरुलाई नयाँ कपडा जुत्ता हालिन्छ । घरको भित्र बाहिर लितपोत गरिन्छ । घटस्थापनाका दिन हिन्दुहरुले जमरा राखे जस्तै तामाङहरुले पनि बिहान सबेरै नुहाई चोखो भई जमरा राखी देवी देवतालाई धुपबत्ती अक्षता चढाएर पुजाआजा गर्दछन् । नौ रथा भरीनै सबै देवी देवतालाई संम्झने, पुजाआजा गर्ने, पुकार्ने काम गर्दछन् । फुलपातीको दिन टुँडीखेलमा बढाई (तोप) हानेपछि फुलपाती भित्र्याइन्छ । अष्टमी, नवमीका दिन जमरामा कुखुराको बली चढाइन्छ साथै राँगा, खसी, बोका काटिन्छ । देवी देवतालाई पुजा गरिन्छ । दशमीको दिन आफुभन्दा ठूलो मान्यजनको हातबाट अक्षताको टिका, जमरा लगाइन्छ र आशिर्वाद लिईन्छ ।

आफ्नो घरमा टिका लगाउने काम सकिएपछि मिठामिठा खानेकुरा खाई राम्रा नयाँ लुगा लगाई कुटुम्बहरुकहाँ टिका थाप्न जान्छन् । दशैंमा खेल्नको लागि पिङ राख्ने गर्दछन् ।

### (ख) तिहार

तामाङ जातिको अर्को प्रमुख तिहार हो । तिहार पाँच दिन मनाउँछन् । तिहारलाई यम पञ्चक पर्व पनि भनिन्छ । तिहारमा पनि घर लितपोत गर्ने राम्रो सुकिलो कपडा लगाउने गरिन्छ । तिहारको पहिलो दिन कागतिहार पर्दछ । यो दिन कागलाई मिठामिठा खानेकुरा खुवाइ पुजा गरिन्छ । दोस्रो दिन कुकुर तिहारको दिन कुकुरलाई सयपत्रीको माला लगाई पुजा गरिन्छ र पाकेका खानेकुरा खुवाइन्छ । अर्को दिन अर्थात लक्ष्मी पुजाको दिन लक्ष्मीको तस्विर वा मुर्ति थापेर धुपबत्ती बालेर मिठामिठा फलफुल मसला राखेर पुजाआजा गरिन्छ । अर्को दिन गोरु पुजा गरिन्छ । गोरुलाई खानेकुरा खुवाइन्छ । अर्को दिन वा अन्तिम दिन दिदीबहिनीहरुले दाजुभाइलाई टिका लगाई भाइटिका मनाइन्छ । टिका लगाउनु अगाडी दाजुलाई बसेको वरिपरी तेलको घेरा लगाई ओखरलाई पुजा गरी त्यसलाई एकै पटकमा फुटाइन्छ र टिका लगाउने काम गर्दछ । आफ्नो दाजुभाइ सँधै बाँची रहुन र आफ्नो दाजु भाइ लाने काल वा यमराजको टाउको को रुपमा मानेर ओखर फुटाइन्छ । टिका लगाई दिएपटि मिठामिठा रोटीहरु, सेलरोटी, फलफुल, मसला दाजुभाइको हातमा राखी दिन्छन् भने दाजुभाइले पनि दिदीबहिनीहरुलाई टिका लगाई दक्षिणा उपहार दिने गर्दछन् ।

### (ग) माघे संकान्ती

तामाङहरुको माघे संकान्ती पनि प्रमुख चाड हो । यो चाडमा विवाहित चेलीबेटीलाई पनि बोलाउने गर्दछन् । संकान्तीको दिन बिहान नुहाई देवी देवताको

पुजा गरी घ्यू, चाकु, वनतरुल, चम्सुर, पालुङ्गो, तिलको लड्डु, आदि मिठामिठा खानेकुराहरु खाने गर्दछन् ।

**(घ) चैते पूर्णे**

तामाङहरुले चैत्रमा पर्ने पूर्णेलाई रमाईलो सँग चाडको रुपमा (चैत्ते पूर्णे) मनाउने गर्दछन् । यो पर्वमा नाता कुटुम्ब सबैलाई निमन्त्रणा गरेर बोलाउँछन् । यो दिन फुलचोकी माईको पुजा गरिन्छ । फुलचोकी माईको मन्दिरमा व्रत बसेर बत्ती ( निगालो वा बाँसमा कपास राखेर कपडाले बेरेर बनाएको बत्ती) बाली रातभर पुजा लगाई जाग्राम बसिन्छ । जाग्राम बस्दा अन्य युवा युवतीहरु डम्फु मादल बजाएर तामाङ सेलो गाउने, नाच्ने गर्दछन् । भोलिपल्ट (पुर्णेको दिन) रातभर लगाएको मादि बत्तीलाई खोलामा लगी सेलाइन्छ । त्यसपछि फुलचोकी माईलाई भाकल गरेका कुराहरु पुरा गर्नको लागी पञ्चवली ल्याउने, पुजा गर्ने, डम्फु बजाउने गरिन्छ । बली चढाउँदा राँगा, बोका, कुखुरा दिने गरिन्छ ।

**(ङ) साउने संकान्ती**

तामाङहरुले हिन्दु धर्मबाट बढी प्रभावित भएर साउने संकान्ती मनाउने गर्दछन् । यस पर्वमा मिठो खानेकुरा जाँड, रक्सि, गेडागुडी बनाएर कुखुरा काटेर खाने गर्दछन् ।

**(च) जनै पूर्णे**

साउने पूर्णेलाई हिन्दुहरु जनै पूर्णे भन्दछन् । यो पर्वलाई तामाङहरु पनि रमाईलो सँग मनाउँछन् । त्यस दिन सबेरै नुहाई लितपोत गरी सफा चोखो बनाइन्छ ।

बोन्बो, झाँक्री जामा लगाएर टाउकोमा मुजुरको प्वाँख बेरेर त्यसमा कपडाका लामा धरा नजिकको मन्दिरको दर्शन अर्थात कुम्भेश्वरको दर्शन गर्न जाने गर्दछन् । यीनीहरुको साथमा अन्य व्यक्तिहरु पनि जाने गर्दछन् । त्यस दिन पानीमा भिजाएर टुसा निकालिएको गेडागुडी जसलाई क्वाटी भनिन्छ, त्यो पकाएर खाने गर्दछन् । साथमा मासु सहित गरी भोज खाने गर्दछन् ।

### ५.२.३ तामाङ जातिको वैवाहिक संस्कार

साधारणतया महिला र पुरुषलाई समाजले पति पत्नीको रुपमा मान्यता दिनुलाई विवाह भनिन्छ । तामाङ समाजमा विवाह संस्कार पनि महत्वपुर्ण संस्कार मानिन्छ । तामाङ समाजमा एउटै थर र गोत्र भित्र विवाह गर्दैनन् । तामाङहरुमा मागी विवाह, प्रेम विवाह, चोरी विवाह, विधवा विवाह, जारी विवाह प्रचलित रहेको पाईन्छ ।

#### (क) मागी विवाह

वर तथा कन्याको स्विीकृती भन्दा पनि केटी र केटाको आमा बाबुबीच भएको संझौताद्धारा सम्पन्न विवाहलाई “मागी” विवाह भनिन्छ । तामाङ समाजमा परिवार, खेतीपातीको काम र घरको काम सम्हाल्न सक्षम हुन्छे भनेर केटाभन्दा केटी ३/४ वर्षले जेठीसँग विवाह गरीदिने प्रचलन छ । तामाङ जातिमा मागी विवाह गर्दा मामाचेला र फुपुचेलासँग विवाह गर्ने प्रचलन रहेको पाइन्छ । यदि मामाचेला र फुपुचेलामा केटा वा केटी अभाव भएमा मात्र अन्यत्र केटा वा केटी खोज्ने काम गरिन्छ । मागी विवाहमा लमीको प्रमुख भुमिका रहेको हुन्छ । तामाङ जातिमा लमीको काम जो कोहिले गर्न सक्छ । लमीले केटालाई केटी खोज्ने काममा सहयोग गर्दछ । विवाह गर्दा थर, गोत्र, वंशाली केलाउने काम ताम्वाले

गर्दछ । मामाचेला र फुपुचेलामा यो थर गोत्र केलाउने कामको आवश्यकता पर्दैन ।

शुरुमा केटी माग्न जाँदा मगनी पोङ (जाँड, रक्सी, कुखुराको मासु) लिएर जानुपर्छ । केटी पक्षबाट समाईएमा केटी दिन मञ्जुर गरेको मानिन्छ । फेरी दास्रो पटक पनि पोङ लगीन्छ । यो समाईएमा विवाहको कुरा पक्का भएको मानिन्छ । त्यसपछि लामाद्धारा विवाहको साईत जुराइन्छ ।

जन्ती जाने दिन शुरुमा विवाह गर्ने केटालाई नयाँ पहिरन दौरा सुरुवाल, कम्बरमा पटुका, कोट, फेटा (पगरी) पहिऱ्याइन्छ । विवाहमा ताम्बाले पुरोहितको भुमिका गर्दछ र चारैतिर देवी देवतालाई धुपबत्ती चढाउने र पुकार्ने काम बोन्बोले गर्दछ । देवी देवतालाई पुकार्ने काम आगन्तुक पाहुनाहरुलाई भोज खाँदा भुत प्रेतले दुःख नदिओस् भनेर गरिन्छ । केटालाई अक्षताको टिका लगाई घर बाहिर निस्कँदा सगुन (जाँड, रक्सी) खुवाइन्छ ।

कन्याको घरमा (वर) सहित केटापक्ष पुगेपछि केटीले केटालाई माला लगाईदिने गरीन्छ भने केटी पक्षका विशेषगरी केटीहरुले पैयूँको गेडा, रंग मिसिएको पानीले केटा र वरियातलाई छ्याप्ने गर्दछन् । यसलाई जन्ती पर्सने भनिन्छ । घरको मुख्य ढोकामा रक्सी, फुल रोटी राखेर वरको स्वागत गर्दछन् । यसरी स्वागतको काम सकिए पछि केटासँग पहिलो शर्त अनुसारको सामाग्रीहरु (गहना, कपडा) छ, छैन सोधिन्छ । शर्त अनुसारका वस्तु ल्याउनै पर्नेहुन्छ र सो वस्तु केटीलाई दिइन्छ । त्यसपछि केटा र केटीलाई एउटै आसनमा राखेर पुनः सगुन खुवाइन्छ । सगुन खुवाउँदा केटा पक्षकाले केटीलाई खुवाउने काम गरिन्छ । जसलाई सिही ढङ भनिन्छ । त्यस्तै केटी पक्षकाले केटालाई खुवाइन्छ । जसलाई हमाढङ भनिन्छ । सगुन खाने काम सकिएपछि विवाह कार्य शुरु हुन्छ । केटा केटी दुवै पक्षका

ताम्बाहरु इतिहासकार (स्राबासिङ्गी) ले आफ्नो गुनगान गरेर वा पुर्ख्यौली इतिहासको वृतान्त वर्णन गरेर सबैलाई सुनाउँछन् । यो सुनाउने काम सकिएपछि डम्फु बजाउँदै गीतको भाकामा सवाल जवाफ गर्दछन् । त्यसपछि केटा र केटी दुवै पक्षका आगन्तुकहरुलाई भोज (दाल, भात, तरकारी र मासु) खुवाइन्छ । त्यसपपछि चारदाम बुझाउने काम (कन्यादान दिने) गरिन्छ । तामाङ विवाहमा चारदामको विशेष महत्व छ । चारदाम बुझाउने भनेको भौतिक अर्थमा केटा पक्षले केटी पक्षका मुख्य मुख्य नातेदार सँग सगुन सहित केटी माग गर्नु हो भने चारदाम लिएर केटी दिनुको अर्थ केटीलाई पुर्ण रुपमा आफ्नो गोत्रबाट सबै चारदाम लिनेहरुले केटाको गात्रमा दान दिनु हो । चारदाम (दुई गाग्री छ्याङ, ३ पाथी जाने १ गाग्री रक्सी, ६०० रोटी, जिउँदो १ वटा कुखुरा) बुझाउँदा कन्याको दाजुभाई साक्षी बस्दछन् र केटीले जीवनभर केटालाई नछाड्ने र केटाले पनि केटीलाई जीवनभर नछाड्ने वाचा गराउँछन् । यसैलाई चारदाम बुझाउने भन्दछन् । त्यो चारदाम बुझाउँदा बुझाएको कुखुरालाई केटा (वर) ले हतियार प्रयोग नगरी निमोठेर मार्ने काम गरिन्छ । चारदामको कार्य सकिएपछि कन्या पक्षबाट टिकाटालो गर्ने ज्वाइँले ससुराली पक्षसित परिचय गर्ने ढोग्ने र केटीले पनि नातागोतालाई कोसेली दिने र ढोग्ने काम गरिन्छ । त्यसपछि केटीलाई विदा गरिन्छ । यता दुलाहा (केटा) को घरमा विवाहको लागी बनाइएको मण्डपमा सगुनका वस्तुहरु राखिन्छ र दुवैलाई टिका लगाई आशिर्वाद दिने काम गरिन्छ । ताम्बााको समक्षमा केटाको आमाबाबुले दुलहीलाई छोरी जस्तै व्यवहार गर्ने, दुःख नदिने, दुलहीले पनि केटालाई छाड्न नहुने बाचा गराई वर कन्याको मेल स्वरुप तिन पटक टाउको ठोकाउन र केटाको जुठो केटीलाई खुवाउने काम गरिन्छ । त्यसपछि केटीलाई साइत को घैंटा बोकाई भुइँमा बालेका बत्तीहरुलाई टेक्दै भित्र ढुकुटीमा पुऱ्याइ त्यस दिनको विधि सकिन्छ । भोलीपल्ट भोज भतेरको आयोजना गरिन्छ । कन्या भित्रिएको तिन दिन पछि वर र कन्या दुवैलाई कन्याको आमा बाबुको घरमा

पठाइन्छ । अर्को दिन सम्धी सम्धीनी भेट गर्ने काम गरिन्छ । भेटमा उपहार आदान प्रदान गरिन्छ । विवाह कार्य सम्पन्न हुन्छ ।

**(ख) प्रेम विवाह**

उमेर पुगेका केटा केटीले आपसमा माया प्रिती गाँसेर स्वेच्छाले वैवाहिक जीवनमा बाँधिनुलाई प्रेम विवाह भनिन्छ । प्रेम विवाह तामाङ समाजमा प्रचलित रहेको पाईन्छ । माया प्रिती बसेका केटा केटीहरुमा केटीको आमा बाबुले केटालाई मन नपराएमा अथवा विवाह गरिदिन नचाहेमा माया प्रिती गाँसेका केटा र केटी भागेर जान्छन् पछि केटाका बाबुले केटी पक्षकहाँ पोङ भनेर रक्सी, काटेको कुखुरा, जिउँदो बाख्रा स्याल्गार (सगुन) को रुपमा लैजाने गर्दछन् । केटी पक्षका आमाबाबुले मञ्जुर गरेमा केटाकेटीलाई बोलाइन्छ । टिकाटालो गरी ढोग भेटबाट विवाह सम्पन्न हुन्छ ।

**(ग) चोरी विवाह**

चोरी विवाहमा केटालाई केटी मन पर्‍यो तर केटाको केटीसँग प्रत्यक्ष सम्पर्क र परिचय छैन र हुन सकेन भने केटीकै साथी वा महिला लमीबाट फकाउन लगाइन्छ । केटी त्यस केटासँग जान राजी भएमा उसले कुन दिन कति समयमा कुन ठाउँमा आउने हो निश्चित गर्दछन् र केटीले पनि एक जना साथी लिएर केटाले पनि एक जना साथी लिएर त्यस ठाउँमा पुग्दछन् । त्यहाँबाट केटीलाई आफ्नो घरमा लिएर आउँछ । केटाको घरमा भित्र पस्नु अघि केटाका आमाबाबुले केटा र केटी दुवैलाई अक्षताको टिका लगाएर घर भित्र्याउँछन् । त्यस पछि प्रेम विवाहमा जस्तै केटाको बाबुले केटीको आमाबाबुकहाँ स्याल्गार (सगुन) लिएर जान्छन् । केटीका आमाबाबुले त्यस विवाह स्विकार गरेमा चोरेर लगे बापत

केटीका आमाबाबुलाई बाख्रा, ६०० रोटी, ३ पाथी रक्सी अनिवार्य रुपमा जरिवाना बुझाउनु पर्छ । यसलाई चोढङ्ग भनिन्छ । यदि स्विकार नगरेमा स्विकार नगरुन्जेल जति वर्ष पनि पर्खन्छन् र कुनै दिन रिस शान्त भए पछि स्विकार गर्न करै लाग्छ ।

### (घ) विधुवा विवाह

लोग्ने परलोक भए पछि अर्को पुरुषसँग गरिने विवाहलाई विधुवा विवाह भनिन्छ । तामाङ समाजमा विधुवालाई मान्यता छ । तामाङ समाजमा विधुवा स्वास्नी मानिससँग स्वेच्छाले विवाह गरिन्छ । विधुवालाई विवाह गर्न समाजले स्विकारे जस्तै विधुरलाई पनि समाजले स्विकार गरिएको छ । विधुवाले अविवाहित पुरुषसँग विवाह गरेमा मागी विवाह जस्तै तिन पटक टाउको ठोकाउने प्रचलन छ।

### (ङ) जारी विवाह

जारी विवाह यो समाजमा रहेको पाइन्छ । जारी विवाह भनेको अरुको श्रीमतीलाई केटाले भगाएर आफ्नो श्रीमती बनाउन लैजानुलाई भनिन्छ । यस समाजमा जारी विवाह धेरै कम हुँदै गएको देखिन्छ । जारी विवाह गर्दा श्रीमती भगाएर लैजाने केटाले त्यस महिलाको पहिलो श्रीमान्लाई केही रकम भगाए (चोरीगरे) बापत तिर्नुपर्छ । त्यसलाई जारी तिर्ने भनिन्छ । जारी तिरेपछि पुरानो श्रीमान्बाट मुक्त हुन्छ र जारी तिर्ने केटाको श्रीमतीको रुपमा बस्दछे ।

## ५.२.४ तामाङ्ग जातिमा हुने थरहरु

तामाङ्ग जातिको थर विभाजन यति नै हुन्छ भन्न सकिँदैन । परशुराम तामाङ्गका अनुसार थर १३४ वटा सम्म पनि हुन्छ भनि उल्लेख गरेका छन् । तर यस

अध्ययन क्षेत्रको तामाङ्ग समुदायमा भ्लोन, लामा, बल, स्याङतान, रुम्बा, मोक्तान, डिम्डुङ रहेको छ ।

### ५.३ आर्थिक अवस्था

यस उपशिर्षक अन्तर्गत तामाङ जातिको घरधुरी उत्तरदाताहरुको भनाईअनुसार उनीहरुको सम्पूर्ण आर्थिक पक्षका बारेमा विस्तृत चर्चा गरिएको छ । आर्थि पक्ष भन्नाले खासगरी उनीहरुको पेशागत विवरण, जग्गाजमीनको स्थिति, आम्दानीका स्रोतहरु तथा घरपरिवारले गर्ने खर्च र त्यसको व्यवस्थापन जस्ता कुराहरुलाई समेटिएको छ ।

#### ५.३.१ पेशागत अवस्था

अध्ययनको निम्ति छनौट भएका घरधुरी उत्तरदाताहरुले जिविकोपार्जनको लागि गर्दै आएका कामलाई पेशागत अवस्थाको रुपमा लिइएको छ । कुल २२४ घरधुरी जनसंख्यामध्ये १६८ जना ६ बर्ष वा सो भन्दा माथिका रहेका छन् । छनौट भएका घरधुरी जनसंख्याको पेशागत स्थितिलाई निम्नानुसार तालिका ५.७ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.७ : लैगिंक आधारमा घरधुरी जनसंख्याको प्रमुख पेशागत स्थितिको वितरण (६ बर्ष वा सो भन्दा माथि)**

| प्रमुख पेशा | महिला | पुरुष | जम्मा (%) |
|---|---|---|---|
| अध्ययन | २० | २२ | ४२ (२५.०) |
| कृषि | २१ | १८ | ३९ (२३.२) |
| वैदेशिक रोजगार | १० | १६ | २६ (१५.४) |
| गोठालो (पशुपालन) | ८ | १० | १८ (१०.७) |
| श्रमिक ज्यालादारी | ११ | ६ | १७ (१०.१) |
| व्यापार | ६ | ५ | ११ (६.५ |
| अशक्त | २ | ३ | ५ (२.९) |
| काम नभएको | ३ | १ | ४ (२.३) |
| नोकरी | २ | १ | ३ (१.७) |
| गृहिणी | ३ | - | ३ (१.७) |
| जम्मा | ८६ | ८२ | १६८ (१००.०) |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ५.७ अनुसार छनौट घरधुरी जनसंख्याको २५.० प्रतिशतको पेशा अध्ययन भएको पाइयो जो स्कुले केटाकेटीहरु रहेको छन् । कृषि पेशामा संलग्नको संख्या भने २३.२ प्रतिशत मात्र रहेको छ । त्यसैगरी वैदेशिक रोजगारीमा जानेहरु महिला तथा पुरुष दुवैगरी १५.४ प्रतिशत देखिन्छ भने गाउँघरमा पशुपालन वा गोठालोका रुपमा रहनेहरु १०.७ प्रतिशतको हाराहारीमा रहेको छ । सरकारी वा गैरसरकारी निकायमा नोकरी गर्नेको संख्या भने केवल १.७ प्रतिशत मात्र रहेको छ । व्यापार गर्नेको संख्या ६.५ प्रतिशत रहेको छ भने छरछिमेक वा अन्य ठाउँमा गई श्रमिक ज्यालादारीको रुपमा काम गर्नेहरुको संख्या १०.१ प्रतिशत रहेको छ । अध्ययनको क्रममा जग्गा जमिन हुनेहरु पूर्ण रुपमा कृषि पेशामा संलग्न रहेको

पाइयो भने जग्गा जमिन थोरै हुने वा नहुनेहरु र जग्गा जमिनबाट उत्पादिन खाद्यान्नले नपुग्ने घरधुरीहरुले श्रमिक ज्यालादारीको रुपमा काम गर्ने गरेको पाइयो ।

### ५.३.२ भू-स्वामित्वको अवस्था

यस अधययनमा छनौटमा परेका घरपरिवारहरुको नाममा रहेको जग्गा जमिनको क्षेत्रफललाई भू-स्वामित्वको रुपमा लिइएको छ । छनौट गरिएका घरपरिवारको नाममा रहेको खेतबारी, पाखो र घडेरी सबैलाई एकमुष्ट रोपनीमा तलको तालिका ५.८ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.८ : घरधुरी उत्तरदाताको भूस्वामित्वको वितरण**

| रोपनी | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-५ | १० | २८.५ |
| ६-१५ | १३ | ३७.१ |
| १६-२० | ७ | २०.० |
| २१ भन्दा माथि | ५ | १४.२ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ५.८ अनुसार अध्ययनको लागि छनौटमा परेका तामाङ घरपरिवारहरुसँग ०-५ रोपनीसम्म जग्गा हुनेको संख्या २८.५ प्रतिशत छ । त्यस्तै ६-१५ रोपनीसम्म जग्गा हुनेको घरसंख्या ३७.१ प्रतिशत रहेको छ भने १६-२० रोपनी जग्गा हुने घरपरिवार संख्या २०.० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी २१ रोपनी वा सोभन्दा बढी जग्गा हुनेको संख्या भने १४.२ प्रतिशत रहेको छ ।

उपरोक्त जग्गाको परिमाण र त्यसबाट उत्पादित खाद्यान्नले परिवारलाई बर्षभरि खान पुग्छ वा पुग्दैन भन्ने कुरा परिवारको आकार र खाद्यान्न उत्पादन परिमाणमा

निर्भर गर्दछ । खाद्यान्न पर्याप्तता भन्नाले घरधुरी उत्तरदाताको आफ्नो जग्गाजमिनबाट उत्पादित खाद्यान्नले खान पुग्ने नपुग्ने अवस्थाको विवरण हो । अध्ययनको क्रममा तपाईको आफ्नो जमिनबाट उत्पादित अन्नबालीले कति समयसम्म खान पुग्दछ भन्ने प्रश्नको जवाफमा निम्नानुसार रहेको पाइयो । जसलाई तलको तालिका ५.९ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.९ : बार्षिक खाद्यान्नको पर्याप्तताको वितरण**

| खान पुग्ने महिना | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ३ महिना सम्म | ८ | २२.८ |
| ४-७ महिना सम्म | १४ | ४०.० |
| ८-११ महिना सम्म | ९ | २५.७ |
| १२ महिना वा सोभन्दा माथि | ४ | ११.४ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार आफ्नो जमिनमा उत्पादीत खाद्यान्नले ०-३ महिनासम्म खान पुग्नेको संख्या २२.८ प्रतिशत रहेको छ । त्यस्तै ४-७ महिनासम्म खान पुग्ने परिवार संख्या ४०.० प्रतिशत रहेको छ भने ८-११ महिनासम्म उत्पादित खाद्यान्नले खान पुग्ने घरसंख्या २५.७ प्रतिशत छ भने १२ महिना वा सोभन्दा बढि खान पुग्नेको तामाङ घरसंख्या ११.४ प्रतिशत मात्र छ । अध्ययनको क्रममा खाद्यान्न अपर्याप्त हुने घर परिवारले वैकल्पिक कार्यहरु ज्यालादारी लगायतका कार्य गरी खाद्यान्न पूर्ति गर्ने गरेको पाइयो ।

### ५.३.४ आम्दानीका श्रोतहरु

अध्ययन क्षेत्रका घरधुरी उत्तरदाताहरुको आम्दानीका स्रोतहरु यसप्रकार रहेको पाइयो ।

**(क) कृषिः**

यस अध्ययन क्षेत्रका बासिन्दाहरुको मुख्य आम्दानीको श्रोत कृषि नै रहेको छ । कृषि पेशामा यहाँका अधिकांश मानिसहरु संलग्न रहेको छ । नोकरी, व्यापार, ज्याला मजदुरीमा भने कम मात्रामा संलग्न रहेको पाइएको छ । यहाँको खेती प्रणाली पनि जीवन निर्वाहको खेती प्रणाली रहेको छ । मौसम राम्रो भए आवश्यकता अनुसार पानी पर्याप्त भएमा मात्र उत्पादन राम्रो हुने कुरा अध्ययनको क्रममा पाइयो । यहांका प्राय सबै परिवारको आथिक क्रियाकलापहरु कृषिवाट नै प्रभावित भएको पाईन्छ । विशेषगरी आधुनिक कृषि प्रविधि नअपनाइए तापनि परम्परागत ढंगवाट खेती गरी यहाँका मानिसहरुले आफ्नो जीवन निर्वाह गर्दै आएका छन् । यहाँका कृषकहरुले मुख्य वालीको रुपमा धान, मकै गहुं, कोदो लगाउंदछन् भने अन्य बालीहरुमा मास, भट्मास, तोरी लगायत धेरै थारै मात्रामा तरकारी खेती गर्दछन् । आजकल विस्तारै यहांका मानिसहरु पनि तरकारी खेतीतर्फ आकर्षित हुंदै गएको पाइएको छ ।

**(ख) पशुपालनः**

अन्नवाली बाहेक आम्दानीको एउटा महत्वपूर्ण श्रोत पशुपालन पनि हो । यहाँका तामाङहरुले विशेषगरी गाई, भैंसी, भेडाबाखा, कुखुरा पाल्ने गर्दछन् । अध्ययन क्षेत्रका धेरैजसो भुभागहरु पशुपालन एवं चरनका लागि योग्य रहेको छन् भने याहाँका अधिकांश घरधुरीहरुसँग पर्याप्त मात्रमा पशुपंक्षी रहेको कारण यो एउटा महत्वपूर्ण व्यवसायको रुपमा रहेको छ । जसले कृषकहरुको जीवनस्तरमा समेत परिवर्तन ल्याउन ठूलो भूमिका खेलेको पाईन्छ ।

**(ग) बैदेशिक रोजगार तथा ज्यालामजदुरी:**

यस अध्ययन क्षेत्रमा मानिसहरुको अर्को प्रमुख आम्दानी वैदेशिक रोजगारी गरी आयआर्जन गर्नु हो भने स्थानीय स्तरमा गर्ने ज्यादारी पनि अर्को आयको स्रोत हो । आफ्नो जग्गा जमिनबाट उत्पादन कम हुने हुँदा खाद्यान्न पूतिको लागि एकथरी देशी विदेशी श्रमिक काम गर्दछन् भने एकथरी नगद आम्दानी गर्नको निम्ति आफ्नो कृषि कार्यवाट फूर्सद भएको समयमा ज्यालादारी श्रमिकको रुपमा काम गर्दछन् । यो पेशा पनि यहाँका मानिसहरुको आम्दानीको एउटा महत्वपूर्ण श्रोतकै रुपमा रहेको छ । ज्यालादारी कार्य गर्न स्थानीय गाउँ घर देखि लिएर शहर बजारसम्म यहाँका मानिसहरु पुग्दछन् । ज्यालादारी श्रमिकको रुपमा कार्य गर्दा पुरुषको तुलनामा महिलालाई केहि कम ज्याला दिने गरेको पाइयो । ज्यालादारी काम गर्न पनि कामको अभाव हुने गरेको र उचित पारिश्रमिक पनि कतिपय काममा पाउन नसकिने उनीहरुको भनाई रहेको पाईयो ।

**(घ) घरेलु सामान उत्पादन:**

यहाँका तामाङ्ग समुदायको आम्दानीको अर्को श्रोत हो घरेलु सामान उत्पादन गर्नु । बाँस तथा निङ्गालोका घरायसी प्रयोगका सामान बुनेर विक्रि वितरण गरी राम्रो आम्दानी गर्न सकिने कुरा अध्ययनको क्रममा पाइयो । बाँस तथा निङ्गालोबाट यिनीहरु डोको, डालो, भकारी, मान्द्रो, घुम आदि तैयार गरी नगद तथा अन्नसँग साट्ने गर्दछन् । यस कार्यमा विशेषगरी घरमै बस्ने बुढापाकाहरु संलग्न रहेको पाईन्छ ।

### ५.३.५ वार्षिक आम्दानी र खर्चको अवस्था

अध्ययनको क्रममा छनौट घर परिवारले वर्ष भरिमा विभिन्न व्यवसायहरु जस्तै कृषि उत्पादन, पशुपाल, व्यापार, नोकरी, ज्यालादारी आदिवाट गरेको आम्दानीलाई

एकमुष्ट राखेर वार्षिक आम्दानीको रुपमा तलको तालिका ५.१० मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.१० : घरधुरी उत्तरदाताको बार्षिक आम्दानीको वितरण**

| आम्दानी (रु. हजारमा) | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-५० | ३ | ८.५ |
| ५१-८० | ५ | १४.२ |
| ८१-१०० | ७ | २०.० |
| १०१-१२० | १० | २८.५ |
| १२१-१५० | ६ | १७.१ |
| १५१ भन्दा माथि | ४ | ११.४ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार कुल घर परिवारको वार्षिक आम्दानीलाई हेर्दा ०-५० हजारसम्मको वार्षिक आम्दानी हुने तामाङ घरधुरी उत्तरदाता ८.५ प्रतिशत मात्र रहेको छ । त्यसैगरी ५१-८० हजारसम्म वार्षिक आम्दानी हुने घर परिवार संख्या १४.२ प्रतिशत छ भने ८१-१०० हजारसम्म वार्षिक आम्दानी हुने घर संख्या २०.० प्रतिशत रहेको छ । कुल घरधुरी उरदाताको सबैभन्दा बढि १०१-१२० हजारसम्म आम्दानी गर्नेको संख्या २८.५ प्रतिशत देखिन्छ । यसैगरी १२१-१५० हजारसम्मको वार्षिक आम्दानी गर्ने घर संख्या १७.५ प्रतिशत रहेको छ र १५१ हजार भन्दा बढी वार्षिक आम्दानी गर्ने घर संख्या ११.४ प्रतिशत रहेको छ । यसबाट के दखिन्छ भने बार्षिक आम्दानीको हिसाबले अध्ययन क्षेत्रका तामाङ जातिको घरपरिवारहरु आर्थिक रुपमा सवल नै रहेको मान्न सकिन्छ ।

त्यसरी नै अध्ययन क्षेत्रको तामाङ घर परिवारको विभिन्न शीर्षकहरुमा हुने वार्षिक खर्चलाई समेत याहाँ प्रस्तुत गरिएको छ । नमुना छनौटमा परेका केही घर परिवारलाई आफ्नो उत्पादन वा पेशाबाट खान लाउन पुग्दैन र त्यसको लागि उनीहरुले किनेर खानु पर्छ । नपुग खाद्यान्न किन्न गरिने वार्षिक खर्चको विवरण तलको तालिका ५.११ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.११ : खाद्यान्नमा हुने वार्षिक खर्चको विवरण**

| खर्च (रु हजारमा) | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-३ | ११ | ३५.४ |
| ४-७ | ९ | २९.० |
| ८-११ | ५ | १६.१ |
| १२-१५ | ३ | ९.६ |
| १६ भन्दा माथि | ३ | ९.६ |
| जम्मा | ३१ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ५.११ अनुसार कुल ३५ घरपरिवारमध्ये ३१ घरपरिवारलाई बार्षिक रुपमा केही खाद्यान्न किनेर खानु पर्दछ । खाद्यन्नको लागि ०-३ हजारसम्म वार्षिक खर्च गर्ने घर संख्या ३५.४ प्रतिशत छ । त्यस्तै वार्षिक ४-७ हजारसम्म खाद्यान्नको लागि खर्च गर्ने घर परिवार संख्या भने २९.० प्रतिशत रहेको देखिन्छ । खाद्यान्नको लागि वार्षिक ८-११ हजारसम्म खर्च गर्नेको संख्या पनि १६.१ प्रतिशत रहेको छ । त्यसैगरी १२-१५ हजारसम्म खाद्यान्नको लागि वार्षिक खर्च गर्ने परिवार संख्या ९.६ प्रतिशत र वार्षिक १६ हजार भन्दा बढी खाद्यान्नको लागि खर्च गर्ने घर संख्या पनि ९.६ प्रतिशत मात्र रहेको छ । यसैगरी नमुना छनौटमा परेका घर परिवारले वार्षिक लत्ताकपडामा गर्ने खर्चको विवरण तलको तालिका ५.१२ मा दिइएको छ ।

**तालिका ५.१२: घरधुरी उत्तरदाताहरुको लत्ताकपडामा हुने वार्षिक खर्चको वितरण**

| खर्च (रु हजारमा) | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-२ | १७ | ४८.५ |
| ३-५ | १४ | ४०.० |
| ६-८ | ३ | ८.५ |
| ९ भन्दा माथि | १ | २.८ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ५.१२ अनुसार बार्षिक ०-२ हजारसम्म लत्ताकपडाको लागि खर्च गर्ने घर संख्या सबैभन्दा बढी ४८.५ प्रतिशत रहेको छ । त्यसैगरी ३-५ हजारसम्मको वार्षिक लत्ताकपडाको लागि खर्च हुने घरसंख्या ४०.० प्रतिशत रहेको छ भने ६-८ हजारसम्म लत्ताकपडाको लागि वार्षिक खर्च गर्ने घरपरिवार संख्या ८.५ प्रतिशत रहेको पाइयो । बार्षिक ९ हजार भन्दा बढी लत्ताकपडाको लागि खर्च गर्ने परिवार २.८ प्रतिशत मात्र रहेको छ ।

यस्तै गरी तामाङ घरधुरी उत्तरदाताहरुको घर परिवारले औषधोपचारमा गर्ने वार्षिक खर्च विवरण यस प्रकार रहेको छ । जसलाई तलको तालिका ५.१३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१३ : घरधुरी उत्तरदाताहरुको औषधोपचारमा हुने वार्षिक खर्च विवरण**

| खर्च विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-३०० | ९ | २५.७ |
| ४००-६०० | १३ | ३७.१ |
| ७००-९०० | ८ | २२.८ |
| १००० भन्दा माथि | ५ | १४.२ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

प्रस्तुत तालिका अनुसार औषधोपचारमा वार्षिक ०-३०० सयसम्म खर्च गर्ने घर संख्या २५.७ प्रतिशत रहेको छ । त्यसैगरी वार्षिक ४००-६०० सयसम्मको औषधोपचार खर्च गर्ने घरपरिवार संखया ३७.१ प्रतिशत छ भने वार्षिक ७००-९०० सयसम्ममा २२.८ प्रतिशत घरधुरी रहेको छ । रु. १००० भन्दा बढी वार्षिक औषधोपचारमा खर्च गर्ने संख्या १४.२ प्रतिशत मात्र रहेको छ । औषधी उपचारमा हुने खर्च सरदर खर्चको आधारमा उल्लेख गरिएको हो । यो उपचार खर्च सामान्य रोगको उपचारमा हुने खर्चमा आधारित रहेको छ । कुनै ठूलो र कडा रोग लागेमा हुन सक्ने खर्च निकै धेरै मात्रामा हुने हुनाले त्यसको उल्लेख भएको छैन । अध्ययनको क्रममा रोग र अस्पतालको स्तर हेरेर खर्च घटबढ हुने कुरामा उत्तरदाताहरु पनि सहमत रहेको पाइयो । उत्तरदाताहरुको घरपरिवारले वार्षिक शिक्षामा गर्ने खर्चको विवरणलाई तलको तालिका ५.१४ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.१४ : शिक्षामा हुने वार्षिक खर्चको विवरण**

| खर्च विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-५०० | ४ | ११.४ |
| ६००-८०० | ६ | १७.१ |
| ९००-११०० | १५ | ४२.८ |
| १२००-१५०० | ७ | २०.० |
| १६०० भन्दा माथि | ३ | ८.५ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका ५.१४ अनुसार शिक्षामा वार्षिक ०-५०० सयसम्म खर्च हुने घर संख्या ११.४ प्रतिशत छ । त्यसैगरी ६००-८०० सयसम्म वार्षिक शिक्षामा खर्च गर्नेहरु १७.१ प्रतिशत रहेको छ भने ९००-११०० सम्मका ४२.८ प्रतिशत रहेको पाइयो । त्यसैगरी शिक्षामा वार्षिक १२००-१५०० सम्म खर्च गर्ने घर परिवार संख्या २०.० प्रतिशत रहेको छ र वार्षिक १६०० भन्दा बढी खर्च गर्ने घर परिवार भने मात्र ८.५ प्रतिशत रहेको छ । यस अध्ययन क्षेत्रका घर परिवारका केटाकेटीहरुले सरकारी विद्यालयमा पढ्ने हुँदा खर्च कम मात्रै देखिएको हो । अध्ययनको क्रममा खर्च गर्न सक्ने क्षमता भएका परिवारले पनि स्तरिय शिक्षालयमा अध्ययनको निम्ति पठाएको पाईएन ।

### ५.३.६ ऋणको अवस्था

जीवनयापनको क्रममा आउने विभिन्न उतार चढावले ल्याउने समस्या समाधान गर्नको लागि आवश्यक पर्ने खर्च व्यवस्थापनको लागि नेपाली समाजमा ऋण लिने प्रचलन रहेको छ । खासगरी ऋण खाद्यान्नका कमि, व्यापार व्यवसाय गर्न, विवाह लगायतका सामाजिक कार्य सम्मपन्न गर्न लिने गरिन्छ । तामाङ्ग समुदाय पनि

ऋण लिनु पर्ने अवस्थावट मुक्त भने छैन । ऋण लिए नलिए सम्बन्धमा गरिएको प्रश्नमा प्राप्त जवाफलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५.१५ : ऋण लिए नलिएको विवरण**

| विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ऋण लिने परिवार | १९ | ५४.२ |
| ऋण नलिने परिवार | १६ | ४५.७ |
| जम्मा | ३५ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिका ५.१५ अनुसार ऋण लिने परिवार संख्या ५४.२ प्रतिशत रहेको छ भने ऋण नलिने घर परिवार संख्या ४५.७ प्रतिशत रहेको छ । पहिले पहिले अन्नवाली मात्र खेती गर्दा सबै तामाङ्ग समुदायले ऋण लिनु पर्ने अवस्था आउने गरेको तर अहिले आएर पशुपालन, दुग्ध व्यवसाय र तरकारी खेतीबाट हुने आम्दानीले गर्दा क्रमशः ऋण लिने कार्य कम हुँदै गएको छ । अध्ययनको क्रममा प्रायःसबै घरपरिवारले केहि वर्ष अधिसम्म ऋण लिने गरेको तर अहिले त्यस्तो परिवार क्रमशः घट्दै गएको पाइयो । यसै गरी छनौट उत्तरदाताहरुले ऋण लिने श्रोतको बारेमा तलको तालिका ५.१६ मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका ५.१६: घरधुरी उत्तरदाताको ऋण लिने श्रोतको विवरण**

| श्रोत विवरण | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| बैंकबाट | ३ | १५.७ |
| स्थानीय सहकारी | ५ | २६.३ |
| साहुमहाजनवाट | ११ | ५७.८ |
| जम्मा | १९ | १००.० |

श्रोत : स्थलगत सर्भेक्षण, २०६९

माथिको तालिका अनुसार बैंकबाट ऋण लिने घर संख्या १५.७ प्रतिशत रहेको छ । त्यसैगरी स्थानीय सहकारीवाट ऋण लिनेको संख्या २६.३ प्रतिशत रहेको छ भने

स्थायीय साहु महाजनवाट ऋण लिनेको संखया ५७.८ प्रतिशत छ । अध्ययनको क्रममा बैंकवाट ऋण लिंदा व्याज कम परे पनि आवश्यक परेको समयमा पैसा नपाइने लामो प्रक्रिया पुऱ्याउनु पर्ने कारणले गर्दा मानिसहरु स्थानीय साहुमहाजन तर्फ आकर्षित रहेको पाईयो ।

### ५.३.७ ऋण लिएको रकमको परिमाण

अध्ययन क्षेत्रका तामाङ घर परिवारले विभिन्न उद्देश्यको निम्ति लिएको ऋणको विवरण तलको तालिका ५.१७ मार्फत प्रस्तुत गरिएको छ । अध्ययनको क्रममा १९ घर परिवारले मात्र ऋण लिएको पाइएकोले यिनीहरुको मात्र विवरण प्रस्तुत गरिएको छ ।

**तालिका ५.१७ः घरधुरी उत्तरदाताको ऋण रकमको विवरण**

| ऋण रकम (रु. हजारमा) | जम्मा संख्या | प्रतिशत |
|---|---|---|
| ०-५ | ४ | २१.० |
| ६-११ | ७ | ३६.८ |
| ११-१५ | ४ | २१.० |
| १६-२० | २ | १०.५ |
| २१ भन्दा माथि | २ | १०.५ |
| जम्मा | १९ | १००.० |

श्रोत : स्थलगत सर्वेक्षण, २०६९

माथिको तालिका अनुसार ०-५ हजारसम्म ऋण लिनेको संख्या २१.० प्रतिशत रहेको छ । त्यसैगरी रु ६-१० हजारसम्म ऋण लिने घर परिवारको संख्या ३६.८ प्रतिशत, ११-१५ हजारसम्म ऋण लिनेको संख्या २१.० प्रतिशत, १६-२० हजारसम्म ऋण लिनेको संख्या १०.५ प्रतिशत रहेको छ भने २१ हजार भन्दा बढी ऋण लिनेको संख्या १०.५ प्रतिशत रहेको पाइयो । अध्ययनको क्रममा पशु विक्री र दुध विक्री गरी ऋण तिर्दै जाने उत्तरदाताहरुको विचार रहेको पाईयो ।

# अध्यय - छ
# सारांश तथा निष्कर्ष

यस अध्ययमा अध्ययनको सम्पूर्ण पक्षहरुको सारसंक्षेपलाई प्रस्तुत गरिएको छ । यसरी संक्षेपमा प्रस्तुत गर्दा अध्ययनको छोटकरी अंशलाई सारांशको रुप दिई प्रस्तुत गरिएको छ भने उक्त सांराशबाट प्राप्त हुने नतिजाको आधारमा छोटकरीमा निष्कर्ष निकालि प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

सिन्धुपाल्चोक जिल्लाको गुन्सा गाविस २ मा बसोबास गरेका तामाङ्ग जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थासँग यो अध्ययन सम्बन्धित छ । तामाङ्ग जातिहरु खासगरी उपत्यका वरिपरी रहेका जिल्लाहरुमा बढी मात्रामा बसोबास गरेको पाइन्छ । तामाङ्गहरुलाई नेपालको प्राचिन मतवाली जनजातिको रुपमा लिइन्छ । तामाङ्गहरु पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएर रहेको भए तापनि जिल्लागत रुपमा हेर्दा नेपालको सातवटा जिल्लाहरुमा तामाङ्गहरुको जनसंख्या उल्लेख्य रुपमा पाइन्छ । यि जिल्लाहरुमा रसुवा, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, काभ्रेपलान्चोक, सिन्धुली र मकवानपुर रहेका छन् । राष्ट्रिय जनगणना २०५८ अनुसार तामाङ्गहरुको कूल जनसंख्या १२,८२,३०४ रहेको छ ।

यस अध्ययनको मुख्य उद्देश्यहरुमा यस गुन्सा गाविस वडा नं २ मा बसोबास गर्ने तामाङ्ग जातिको सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्था कस्तो रहेको छ भन्ने पत्ता लगाउनु रहेको छ । यसैगरी यस अध्ययनको सन्दर्भ सामाग्रीको रुपमा पूर्व प्रकाशित वा अप्रकाशित दुवै कृतिहरुलाई समिक्षा गरेको छ । तथ्याङ्क प्राथमिक र द्धितिय दुवै श्रोतहरुबाट संकलन गरि प्रस्तुत गरिएको छ । यस अध्ययनको लागि

तथ्याङ्क संकलन गर्दा अवलोकन, अर्ध संरचनात्मक अन्तरवार्ता तथा मुख्य व्यक्तिसँगको अन्तरवार्ता आदि तरिका अपनाई सुचना संकलन गरेको थियो । घरधुरी उत्तरदाताहरुको छनौट गर्दा भने दैवी नमूना छनोट विधिलाई अपानाइएको छ ।

यस अध्ययनको निम्ति छनौट गरिएका ३५ घर परिवारमा पुरुषको संख्या ११३ र महिलाको संख्या १११ गरी २२४ जनसंख्या रहेका छन् । अधिकांश (५४.२%) घरधुरीहरु परम्परागतअनुसारकै संयुक्त परिवारिक ढाँचामा रहेको पाइन्छ भने एकल परिवारहरु भने ४५.७ प्रतिशत मात्र रहेको छ । सबै भन्दा बढी (३५.७%) घरधुरी जनसंख्यामा तरुण अवस्था (१६-४० बर्ष) का छन् भने कुल घरधुरी जनसंख्याको ६२.९ प्रतिशत अविवाहित, ३३.९ प्रतिशत विवाहित र ३.1 प्रतिशत बिधवा/बिुर रहेको छ ।

यस अध्ययनमा छनौट घरपरिवारमा शिक्षित भन्दा अशिक्षित धरै रहेका छन् । जस अर्न्तगत ३५ घरधुरी परिवारमा २२४ जना जनसंख्यामध्ये ८० जना अर्थात ३५.७ प्रतिशत निरक्षर रहेका छन् भने ४.९ प्रतिशतले मात्र उच्च माध्यमिक तहको शिक्षा हासिल गरेको देखिन्छ ।

घरधुरी जनसंख्याको २५.० प्रतिशतको पेशा अध्ययन भएको पाइयो जो स्कुले केटाकेटीहरु रहेको छन् । कृषि पेशामा २३.२ प्रतिशत, वैदेशिक रोजगारीमा महिला तथा पुरुष दुवैगरी १५.४ प्रतिशत, पशुपालन वा गोठालो हुनेहरु १०.७ प्रतिशत, र नोकरी गर्ने भने केवल १.७ प्रतिशत मात्र रहेको छ । त्यस्तै व्यापार पेशा भएका ६.५ प्रतिशत र ज्यालादारी १०.१ प्रतिशत रहेको छ ।

तामाङ घरपरिवारहरुसँग ०-५ रोपनीसम्म जग्गा हुनेको संख्या २८.५ प्रतिशत छ भने सबैभन्दा बढी ६-१५ रोपनीसम्म जग्गा भएका ३७.१ प्रतिशत र २१ रोपनी वा सोभन्दा बढी जग्गा हुनेको संख्या भने १४.२ प्रतिशत मात्र रहेको छ ।

आफ्नो जमिनमा उत्पादीत खाद्यान्नले ०-३ महिनासम्म खान पुग्नेको घरपरिवार २२.८ प्रतिशत र १२ महिना वा सोभन्दा बढि खान पुग्नेको घरसंख्या ११.४ प्रतिशत मात्र देखियो ।

अध्ययन क्षेत्रका घरधुरी उत्तरदाताहरुको आम्दानीका स्रोतहरु कृषि, पशुपालन, बैदेशिक रोजगार तथा ज्यालामजदुरी र घरेलु हाते सामान उत्पादन गरी बिक्रीवितरणबाट हुने गर्दछ ।

कुल घर परिवारको वार्षिक आम्दानीलाई हेर्दा ०-५० हजारसम्मको वार्षिक आम्दानी हुने घरधुरी ८.५ प्रतिशत मात्र रहेको छ भने सबैभन्दा बढि १०१-१२० हजारसम्म आम्दानी गर्नेको घरधुरी २८.५ प्रतिशत रहेको पाइयो । त्यसैगरी १२१-१५० हजारसम्मको वार्षिक आम्दानी गर्ने १७.५ प्रतिशत र रु.१५१ हजार भन्दा बढी वार्षिक आम्दानी गर्ने घरसंख्या ११.४ प्रतिशत रहेको छ । यसबाट के दखिन्छ भने बार्षिक आम्दानीको हिसाबले तामाङ जातिको घरपरिवारहरु आर्थिकरुपमा सवल नै रहेको मान्न सकिन्छ ।

कुल ३५ घरपरिवारमध्ये ३१ घरपरिवारलाई बार्षिक रुपमा केही खाद्यान्न किनेर खानु पर्दछ । खाद्यन्नको लागि ०-३ हजारसम्म वार्षिक खर्च गर्ने घरसंख्या ३५.४ प्रतिशत छ भने वार्षिक १६ हजार भन्दा बढी खर्च गर्ने ९.६ प्रतिशत रहेको छ । बार्षिक ९ हजार भन्दा बढी लत्ताकपडाको लागि खर्च गर्ने परिवार २.८ प्रतिशत छन् ।

त्यसैगरी ३७.१ प्रतिशतले वार्षिक रु.४००-६०० सयसम्मको औषधोपचार खर्च गर्ने गरेको पाइयो भने वार्षिक रु.७००-९०० सयसम्म खर्च गर्नेहरु २२.८ प्रतिशत, रु. १००० भन्दाबढी वार्षिक औषधोपचारमा खर्च गर्नेहरु १४.२ प्रतिशत रहेको छ ।

त्यसैगरी शिक्षामा वार्षिक रु.१२००-१५०० सम्म खर्च गर्ने घर परिवार २०.० प्रतिशत र रु.१६०० भन्दा बढी खर्च गर्ने ८.५ प्रतिशत रहेको छ । यस अध्ययन क्षेत्रका घर परिवारका केटाकेटीहरुले सरकारी विद्यालयमा पढ्ने हुँदा खर्च कम मात्रै देखिएको हो । अध्ययनको क्रममा खर्च गर्न सक्ने क्षमता भएका परिवारले पनि स्तरिय शिक्षालयमा अध्ययनको निम्ति पठाएको पाईएन ।

५४.२ प्रतिशत घरधुरीले घरखर्चको लागि ऋण लिएको पाइयो भने नलिने घर परिवार संख्या ४५.७ प्रतिशत रहेको छ । ऋणका लागि बैंक (१५.७%), स्थानीय सहकारी (२६.३%) र स्थायीय साहु महाजन (५७.८%) मा निर्भर रहेको पाइयो । अध्ययनको क्रममा १९ घर परिवारले मात्र ऋण लिएको पाइएको छ । ऋणको मात्रा हेर्दा २१ हजार भन्दा बढी ऋण लिनेको संख्या १०.५ प्रतिशत रहेको पाइयो । अध्ययनको क्रममा पशु विक्री र दुध विक्री गरी ऋण तिर्दै जाने उत्तरदाताहरुको विचार रहेको पाईयो ।

यहाँका तामाङ्ग समुदायमा परम्परागत धामी झाँक्री प्रति बढी विश्वास रहेको पाइन्छ । स्थानीय स्तरमा तामाङ्ग समुदायमा कुनै किसिमको सामुहिक संगठन रहेको पाइएन । तामाङ्ग समुदायहरुको सामाजिक तथा सांस्कृतिक पक्षहरु पनि प्रायःजसो सबै आफ्नै मौलिक भए पनि हिन्दु संस्कारहरुलाई अनुसरण गरेको पाइन्छ । जसले गर्दा तामाङ्ग समुदायको आफ्नो छुट्टै विशेष सांस्कृतिक पहिचानमा समस्या  रहेको देखिन्छ ।

## ६.२ निष्कर्ष

तामाङ्ग जाति नेपालको प्राचिन प्रमुख आदिवासी जनजाति तथा मंगोल मूलका हुन्।
तामाङ्ग जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको छ । यद्यपी तामाङ्ग जातिको प्रमुख थलो काठमाण्डौं उपत्यकालगायत धादिङ्ग, रसुवा, मकवानपुर, नुवाकोट, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रामेछाप जिल्लामा बाक्लो उपस्थिति देखिन्छ । आफ्नै छुटै भाषा तथा संस्कृति रहेको र भोटे बर्मेली लिपी प्रयोग गर्ने गरेको छ भने यिनीहरु अन्य जातिसँग नेपाली भाषा पनि बोल्दछन् ।

तामाङ्ग जातिका मानिसहरु परिश्रमी, सरल र सोझा प्रकृतिका देखिन्छन् । तामाङ्गहरुले आफ्नै रहनसहन, भेषभुषा, चाडपर्व जस्ता विभिन्न सांस्कृतिक परम्पराहरु मानाउने गरेको पाइन्छ भने सामाजिक संस्कार जन्म, नामांकरण, छेवर, विवाह, मृत्यु आदि जस्ता संस्कार आफ्नै खालको पाइन्छ । यद्यपी हिन्दु संस्कारको प्रचुर प्रभाव पनि यसमा देखिन्छ । तामाङ्ग जातिको मुख्य पेशा कृषि नै भए तापनि उत्पादन कम हुने भएकोले गुजारा चलाउन मुश्किल परेको हुँदा सहायक पेशाको रुपमा, वैदेशिक रोजगार, जागीर, ज्यालामजदुरी, व्यापार व्यवसाय र अन्य पेशाहरु समेत गर्ने गरेको देखिन्छ । तसर्थ तामाङहरुको आर्थिक स्थिति भने कमजोर रहेको देखिन्छ । आधुनिकिकरणको प्रभाव विस्तारसँगै शिक्षा (चेतना) को विकास हुन उनीहरुमा पनि हुन थालेको देखिन्छ । पुरानो पिढीभन्दा पछाडिका पिढींमा पढ्नु पर्छ भन्ने भावनाको विकास भएको पाइन्छ । अध्ययन क्षेत्रका तामाङ्ग समुदायहरु आफ्नो जातिय पहिचानलगायत बहुदलीय परिणाम स्वरुप राजनैतिक तथा प्रजातान्त्रिक अधिकारप्रति समेत सचेत हुँदै गएको देखिन्छ ।

## सन्दर्भ सामग्रीहरू


केन्द्रीय तथ्याङ्क विभाग (२०५८) *जनसंख्या विवरण,* काठमाडौं : केन्द्रीय तथ्याङ्क विभाग ।

खत्री, प्रेम कुमार (२०४८), *नेपालको सामाजिक इतिहास र धार्मिक मतहरू,* काठमाडौं : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स ।

गाविस पार्श्वचित्र (२०६७), भिलेज प्रोफाइल, गुन्सा गाउँ विकास समितिको कार्यालय, स्यापसाङ, गुन्सा, सिन्धुपालचोक जिल्ला ।

गुरुङ, गणेशमान, *"दुरा जातिको सामाजिक अध्ययन"* नेपाल र एशियाली अनुसन्धान केन्द्र, किर्तिपुर, काठमाडौ, प्रथम संस्करण ।

लामा, सन्तवीर (२०५१), *"ताम्बा कुइतेन क्वाई रिमठिम"*, एघारौं संस्करण, रत्न पुस्तक भण्डार, भोटाहिटी, काठमाडौ, नेपाल ।

तामाङ्ग सीताराम (२०५१), *तामाङ्ग जनजीवन,* काठमाडौं, N/A

तामाङ्ग सीताराम (२०५२), *तामाङ्ग जनजातिको उद्‌गम इतिहास र राष्ट्रियता,* काठमाडौं : जनसाहित्य केन्द्र ।

तामाङ्ग, परशुराम (२०५४), *तामाङ्ग जाति,* काठमाडौं : साझा प्रकाशन ।

तामाङ, परशुराम (२०५५), *"तामाङ जातिको सामाजिक संरचना",* संस्कृति, भाषा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौ, प्रथम संस्करण ।

बिष्ट, डोरबहादुर (२०५४), *सबै जातको फूलबारी,* काठमाडौं : साझा प्रकाशन

बिष्ट, डोरबहादुर (१९९४), *पिपुल्स अफ नेपाल,* काठमाडौंः रत्नपुस्तक भण्डार ।

माबुहाङ्ग, बालकृष्ण, (२०५६), *राष्ट्रिय जनगणनामा जनजातिको सही तथ्याङ्क सङ्कलन गर्न अपनाउनुपर्ने रणनीतिहरू ।* जनजाति, अङ्क १, २ असार २०५६, राष्ट्रिय जनजाति विकास समिति ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौं ।

शर्मा, बालचन्द्र (२०३२), *नेपालको ऐतिहासिक रूपरेखा,* काठमाडौं ।

शर्मा, नगेन्द्र (२०५२), *"नेपालको जनजीवन",* दोश्रो संस्करण, साझा प्रकाशन, काठमाडौ ।

## परिशिष्ट-१

### क्षेत्रगत रुपमा तामाङ जातिको जनसङ्ख्या विवरण

| विवरण | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहरी क्षेत्र | २,०२,५५६ | १३.१५ |
| ग्रामीण क्षेत्र | १३,३७,२७४ | ८६.८५ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८

### भौगोलिक प्रदेशगत रुपमा तामाङ जातिको जनसङ्ख्या विवरण

| प्रदेश | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| हिमाली | २,०६,९३३ | १३.४४ |
| पहाडी | १०,८४,३८४ | ७०.४२ |
| तराई | २,४८,५१३ | १६.१४ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८

### गुन्सा गा.वि.स. को जातिगत जनसङ्ख्या विवरण

| क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | तामाङ | २५०६ | ९४.२५ |
| २. | कामी | ८८ | ३.३१ |
| ३. | नेवार | ६५ | २.४४ |

स्रोत : सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७

## सिन्धुपाल्चोक जिल्लाका जातिगत जनसङ्ख्या विवरण

| क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | तामाङ | १,२०,२४८ | ३३.६७ |
| २. | क्षेत्री | ६५,२४२ | १८.२७ |
| ३. | ब्राम्हण | ४२,७४१ | ११.९७ |
| ४. | नेवार | ४१,१४७ | ११.५२ |
| ५. | कामी | १३,२८६ | ३.७२ |
| ६. | सन्यासी | ११,६६८ | ३.२७ |
| ७. | शेर्पा | १०,९५५ | ३.०६ |
| ८. | दमाई | ६,५९२ | १.८५ |
| ९. | माझी | ६,५२० | १.८३ |
| १०. | मगर | ५,४९३ | १.५४ |
| ११. | गुरुङ | ५,२०१ | १.४६ |
| १२. | ह्योल्मो | ५,१७४ | १.४५ |
| १३. | थामी | ४,९८१ | १.३९ |
| १४. | दनुवार | ३,९९५ | १.१२ |
| १५. | सार्की | ३,९७५ | १.११ |
| १६. | पहरी | १,९१८ | ०.५४ |
| १७. | घले | १,४३७ | ०.४० |

स्रोत : सिन्धुपाल्चोक जिल्ला पार्श्वचित्र २०६७

**नेपालका केही प्रमुख जातजातिहरुको जनसङ्ख्या विवरण**

| क्र.सं. | जातजाति | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | क्षेत्री | ४३,९८,०५३ | १६.६० |
| २. | ब्राम्हण | ३२,२६,९०३ | १२.१८ |
| ३. | मगर | १८,८७,७३३ | ७.१३ |
| ४. | थारू | १७,३७,४७० | ६.५६ |
| ५. | तामाङ | १५,३६,८३० | ५.८० |
| ६. | नेवार | १३,२१,९३३ | ४.९९ |
| ७. | कामी | १२,५८,५५४ | ४.७५ |
| ८. | मुसलमान | ११,६४,२५५ | ४.४० |
| ९. | यादव | १०,५४,४५८ | ३.६८ |
| १०. | राई | ६,२०,००४ | २.३४ |
| ११. | गुरुङ | ५,२२,६४१ | १.९७ |
| १२. | दमाई | ४,७२,८६२ | १.७८ |
| १३. | ठकुरी | ४,२५,६२३ | १.६० |
| १४. | लिम्बु | ३,८७,३०० | १.४६ |
| १५. | सार्की | ३,७४,८१६ | १.४१ |
| १६. | मुसहर | २,३४,४९० | ०.८८ |
| १७. | सन्यासी | २,२७,८२२ | ०.८६ |
| १८. | भुजेल | १,१८,६५० | ०.४५ |
| १९. | राजवंशी | १,१५,२४२ | ०.४३ |
| २०. | शेर्पा | १,१२,९८६ | ०.४२ |
| २१. | धोबी | १,०९,०७९ | ०.४१ |
| २२. | दनुवार | ८४,११५ | ०.३२ |
| २३. | माझी | ८३,७२७ | ०.३१ |
| २४. | चेपाङ | ६८,३९९ | ०.२६ |
| २५. | सुनुवार | ५५,७१२ | ०.२१ |

| | | | |
|---|---|---|---|
| २६. | मार्वाडी | ५१,४४३ | ०.१९ |
| २७. | वादी | ३८,६०३ | ०.१५ |
| २८. | थामी | २८,६७१ | ०.११ |
| २९. | बंगाली | २६,५८२ | ०.१० |
| ३०. | धिमाल | २६,२९८ | ०.०९ |
| ३१. | घले | २२,८८१ | ०.०८ |
| ३२. | भोटे | १३,३९७ | ०.०५ |
| ३३. | थकाली | १३,२१५ | ०.०४ |
| ३४. | ह्योल्मो | १०,७५२ | ०.०४ |
| ३५. | शिख | ७,१७६ | ०.०२ |
| ३६. | गाइने | ६,७९१ | ०.०२ |
| ३७. | जिरेल | ५,७७४ | ०.९२ |
| ३८. | लेप्चा | ३,४४५ | ०.०१ |
| ३९. | राउटे | ६१८ | ०.००२ |
| ४०. | कुसुन्डा | २७३ | ०.००१ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८

## सिन्धुपाल्चोक जिल्लाका गा.वि.स.गत तामाङ जातिको जनसङ्ख्या विवरण

| क.सं. | गा.वि.स. | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | लिसंखु | ४०८७ | ६६.३५ |
| २. | इचोक | ३९१७ | ५९.०५ |
| ३. | महांकाल | ३८४० | ७४.६८ |
| ४. | हगाम | ३७७९ | ७५.३१ |
| ५. | थकनी | ३५३७ | ७६.७४ |
| ६. | ठूलोधादिङ | ३५०२ | ८९.५३ |
| ७. | दुवाचौर | ३३७८ | ४८.३४ |
| ८. | गोल्चे | ३१६३ | ७४.७९ |

| | | | |
|---|---|---|---|
| ९. | भोताङ | ३०९४ | ९८.१९ |
| १०. | ठूलोपाखर | २८०१ | ७२.७९ |
| ११. | गुम्बा | २७७८ | ७६.९३ |
| १२. | गाती | २७६६ | ६१.३३ |
| १३. | बरुवा | २६५३ | ७९.७९ |
| १४. | गुन्सा | २५०६ | ९४.२५ |
| १५. | थाङ्दालकोट | २३३८ | ६९.२३ |
| १६. | वादेगाउँ | २३२ | ३१.५९ |
| १७. | सिम्पालकाभ्रे | २२६६ | ६३.२४ |
| १८. | बतासे | २१८१ | ३३.९७ |
| १९. | मार्मिङ | २१४२ | ५५.५४ |
| २०. | हैबुङ | २१४१ | ६९.५२ |
| २१. | बाँसखर्क | २०५१ | ७८.५२ |
| २२. | बाँसबारी | १९२८ | ३३.८१ |
| २३. | भोटसिपा | १९१७ | ३१.८१ |
| २४. | फुल्पीङकोट | १८९७ | ३६.६२ |
| २५. | घुम्थाङ | १८९६ | ३७.४७ |
| २६. | सुनखानी | १८३८ | ४५.४७ |
| २७. | मानेश्वारा | १८३६ | ४२.४७ |
| २८. | बाह्रबिसे | १७७१ | २२.५५ |
| २९. | भोटेचौर | १६४७ | २५.५९ |
| ३०. | फुल्पीङडाँडा | १६२३ | १००३ |
| ३१. | अत्तरपुर | १५८९ | ५००२ |
| ३२. | सेउते | १५७४ | ३४.४४ |
| ३३. | ज्यामिरे | १५७० | २३.८४ |
| ३४. | ठूलोसिरुवारी | १५६२ | १८.४३ |
| ३५. | साँगाचोक | १५४३ | १४.३८ |
| ३६. | नवलपुर | १४४६ | ३२.७५ |
| ३७. | मेलम्ची | १४२३ | ३१.०६ |
| ३८. | बराम्ची | १३३८ | ३६.६८ |
| ३९. | कर्थली | १३०२ | २८.३५ |

| | | | |
|---|---|---|---|
| ४०. | तालामाराङ | ११९५ | ३५.०६ |
| ४१. | कलमदास | ११७२ | २५.५० |
| ४२. | राम्चे | ११६० | २८.५३ |
| ४३. | तातोपानी | ११०९ | २५.५९ |
| ४४. | धाप | १०३९ | २७.३१ |
| ४५. | सिन्धुकोट | १०३९ | २३.९० |
| ४६. | धुम्पाखर | १०१२ | १८.९३ |
| ४७. | कन्चोक | ९६३ | १७.६७ |
| ४८. | पाल्चोक | ९५१ | ३९.६४ |
| ४९. | जेठल | ९४८ | २७.०५ |
| ५०. | सियापोखरे | ९४० | १८.५७ |
| ५१. | किउल | ९०९ | २२.०५ |
| ५२. | याङताङ | ९०६ | २६.८८ |
| ५३. | इर्खु | ९०२ | २७.२६ |
| ५४. | परकशिला | ८८३ | १७.१५ |
| ५५. | यमुनाडाँडा | ८५९ | २६.८९ |
| ५६. | सानोसिरुवारी | ८४९ | १९.५४ |
| ५७. | सेलाङ | ८३६ | २७.६८ |
| ५८. | चौतारा | ८०१ | १७.५६ |
| ५९. | पिपलडाँडा | ७१७ | १७.४० |
| ६०. | कुबिन्डे | ६४४ | १५.६९ |
| ६१. | पेट्कु | ४८१ | २१.०६ |
| ६२. | लिस्ती | ३९८ | ८.८१ |
| ६३. | धुस्कुन | ३५३ | ८.१८ |
| ६४. | शिखरपुर | ३२७ | १०.६९ |
| ६५. | फुल्पीङकप्री | २७९ | ७.१४ |
| ६६. | कालिका | २५५ | ८.५० |
| ६७. | घोर्चली | २३९ | ९.३१ |

| | | | |
|---|---|---|---|
| ६८. | जलविरे | १८१ | ६.०० |
| ६९. | ठोकर्पा | १७५ | २.८० |
| ७०. | पाग्रेटार | १५६ | ४.४८ |
| ७१. | पिस्कर | ४२ | १.५६ |
| ७२. | तौथली | १८ | ०.३४ |
| ७३. | चोकटी | १३ | ०.३८ |
| ७४. | हेलम्वु | १० | ०.२५ |

स्रोत : सिन्धुपाल्चोक जिल्लाको पार्श्वचित्र २०६७

**तामाङ जातिको जिल्लागत जनसङ्ख्या विवरण**

| क्र.सं. | जिल्ला | जनसङ्ख्या |
|---|---|---|
| १. | मकवानपुर | २०१०८१ |
| २. | काठमाडौं | १९२३११ |
| ३. | काभ्रेपलान्चोक | १२९९१३ |
| ४. | नुवाकोट | ११८८७३ |
| ५. | सिन्धुपाल्चोक | ९८५७० |
| ६. | सिन्धुली | ७९५९० |
| ७. | धादीङ | ७४२३९ |
| ८. | ललितपुर | ६१३६८ |
| ९. | चितवन | ४६१९८ |
| १०. | सर्लाही | ३९८०३ |
| ११. | रामेछाप | ३८८४२ |
| १२. | दोलखा | ३१३०७ |
| १३. | रसुवा | २९७८२ |
| १४. | बारा | २७८०९ |
| १५. | भक्तपुर | २७२४९ |

| | | |
|---|---|---|
| १६. | मोरङ | २३७३६ |
| १७. | झापा | २३३६९ |
| १८. | उदयपुर | २१७२४ |
| १९. | इलाम | २०१७५ |
| २०. | सुनसरी | १७६३६ |
| २१. | भोजपुर | १७२३५ |
| २२. | संखुवासभा | १६५७४ |
| २३. | ओखलढुंगा | १४४०० |
| २४. | पाँचथर | १३६४७ |
| २५. | कास्की | १३३६२ |
| २६. | गोर्खा | १३३३९ |
| २७. | रौतहट | १२२५० |
| २८. | लम्जुङ | १२१२१ |
| २९. | धनकुटा | १०५१० |
| ३०. | सोलुखुम्बु | १०४८५ |
| ३१. | पर्सा | १०११७ |
| ३२. | महोत्तरी | ९५८५ |
| ३३. | धनुषा | ९४७५ |
| ३४. | खोटाङ | ९३२७ |
| ३५. | सिराहा | ७०२९ |
| ३६. | हुम्ला | ६८४१ |
| ३७. | तेह्रथुम | ६६७५ |
| ३८. | कन्चपुर | ६४०१ |
| ३९. | नवलपरासी | ६२०९ |
| ४०. | ताप्लेजुङ | ५६४९ |
| ४१. | मुगु | ४३५३ |

| | | |
|---|---|---|
| ४२. | तनहुँ | ४२३९ |
| ४३. | कैलाली | २४५६ |
| ४४. | रुपन्देही | १७९९ |
| ४५. | सप्तरी | १६१२ |
| ४६. | जुम्ला | १२२१ |
| ४७. | वर्दिया | ११४४ |
| ४८. | बाँके | १११३ |
| ४९. | मनाङ | ८२५ |
| ५०. | बाग्लुङ | ७०४ |
| ५१. | दाङ | ४५६ |
| ५२. | सुर्खेत | ४४७ |
| ५३. | डोल्पा | ४४१ |
| ५४. | दैलेख | ३८५ |
| ५५. | प्युठान | ३६५ |
| ५६. | पर्वत | ३५५ |
| ५७. | कपिलवस्तु | ३१६ |
| ५८. | डोटी | ३०६ |
| ५९. | मुस्ताङ | ३०४ |
| ६०. | अछाम | २९० |
| ६१. | स्याङजा | २७१ |
| ६२. | म्याग्दी | २६६ |
| ६३. | बझाङ | २५० |
| ६४. | पाल्पा | २१२ |
| ६५. | बाजुरा | १२५ |
| ६६. | दार्चुला | ११९ |
| ६७. | गुल्मी | ११७ |

| | | |
|---|---|---|
| ६८. | डँडेल्धुरा | १०५ |
| ६९. | कालिकोट | ८७ |
| ७०. | सल्यान | ६४ |
| ७१. | रोल्पा | ६३ |
| ७२. | रुकुम | ६३ |
| ७३. | अर्घाखाँची | ६० |
| ७४. | जाजरकोट | ४८ |
| ७५. | बैतडी | ४३ |
| | | |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग २०६८

# परिशिष्ट -२

## गुन्सा गाविसको नक्सा